# लेखापरीक्षण प्रतिवेदन

# जोरायल गाउँपालिका, डोटी

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# जोरायल गाउँपालिका, डोटी

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश

काठमाडौ

प.सं.: मिति : २०८३-१-२७

च.न :

श्रीमान् अध्यक्षज्यू,
जोरायल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, डोटी।

**बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.: मिति : २०८३-१-२७
च.न :

श्रीमान् अध्यक्षज्यू ,

जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

डोटी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब २१ करोड ९ लाख ४४ हजारको लेखापरीक्षणबाट रू. २ करोड ४० लाख ३९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू.१ लाख ८८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू. ३ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.११ लाख ९२ हजार, नियमित गर्नुपर्ने रू.२ करोड २३ लाख ३६ हजार गरी जम्मा रू. २ करोड ३८ लाख ५२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१७ करोड १० लाख ९८ हजारमा यो वर्ष सम्परीक्षण भएको रू.१० करोड ३ लाख ८७ हजार घटाइ बाँकी बेरुजुमा यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू. ९ करोड ४५ लाख ६३ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण

तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा -** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

()
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| ११२ | ३५ | २,४०,३९,२४४ | ० | ३ | १,८७,६६८ | ० | ११२ | ३२ | २,३८,५१,५७६ | ३,३३,०५९ | २,२३,२६,०६८ | ११,९२,४४९ | ० | ० | २,३५,१८,५१७ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोटी | १७,१०,९८,३३३ | ० | १०,०३,८७,१४९ | ७,०७,११,१८४ | ० | २,३८,५१,५७६ | ९,४५,६२,७६० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | १६.१ | शिक्षा तर्फ | ३०,४०६ |
| २ | २०८१/८२ | २३.४ | निर्माण तर्फ | ८,२६२ |
| ३ | २०८१/८२ | १२ | PAMS मा दाखिला नभएको | १,४९,००० |
| जम्मा | | | | १,८७,६६८ |
| **गत विगत वर्षको सम्परीक्षण** | | | | |
| १ | २०८०/८१ | ४२ | सव कन्ट्याक्टरबाट काम गराएको | २०,८३,५७१ |
| २ | २०८०/८१ | ३५ | ब्रोडब्याण्ड ईन्टरनेट | ३३,२५,५०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०८०/८१ | २० | प्यान बिलमा कारोबार | ३,५०,००० |
| ४ | २०८०/८१ | २७ | ट्र्याक कोट | २,०२,०४४ |
| ५ | २०८०/८१ | २१ | जरिवाना भुक्तानी | १६,८९७ |
| ६ | २०८०/८१ | ३० | कर बिजक | ४,६०,२४० |
| ७ | २०७९/८० | ५८ | नाफामूलक संस्थालाई अनुदान | १,९५,५८७ |
| ८ | २०७९/८० | ८३ | ट्रान्सफर्मर खरिद तथा विद्युत् विस्तार योजना | ४०,५९,२८८ |
| ९ | २०७९/८० | ९२ | उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको | १,४५,९०,५०१ |
| १० | २०७९/८० | ८८ | अध्यक्ष निवास घेरबार तथा गेट निर्माण | ९,६२,९५९ |
| ११ | २०७८/७९ | २१ | संघीय सरकार हस्तान्तरित कार्यक्रम | २,२४,७२९ |
| १२ | २०७८/७९ | ५२ | वडा नं. १ सडक सरसफाई योजना | १६,३०,००० |
| १३ | २०७८/७९ | ३९ | मापदण्ड भन्दा बढी भुक्तानी | ५,४४० |
| १४ | २०७८/७९ | ८४ | गौरीशंकर मा वि | १८,००,००० |
| १५ | २०७८/७९ | ३६ | कोल्ड चेम्बर | ७,०६,४०० |
| १६ | २०७७/७८ | २४ | स्वकीय सचिव | ५,४९,१५० |
| १७ | २०७७/७८ | ५१ | स्रोत व्यक्ति सट्टा शिक्षक | ३,७९,९३० |
| १८ | २०७७/७८ | ५६ | राष्ट्रपति शैक्षिक सुधार | ३६,००,००० |
| १९ | २०७७/७८ | २२ | बैठक भत्ता | ६,६६,००० |
| २० | २०७७/७८ | ७५ | पालिकाको योगदान अंश नरहेको | ७२,००० |
| २१ | २०७७/७८ | ५७ | पारिश्रमिक कर | २२,६०० |
| २२ | २०७७/७८ | ७६ | नर्म्स विपरितको खर्च | २५,००० |
| २३ | २०७७/७८ | ५३ | थप पाठ्यपुस्तक वितरण | ११,८४,१७६ |
| २४ | २०७७/७८ | ८ | गत विगतको भुक्तानी | २६,४३,१११ |
| २५ | २०७६/७७ | ४७ | लागत सहभागिता | ७,९८,२९२ |
| २६ | २०७६/७७ | २६ | भुक्तानी | २९,५५० |
| २७ | २०७६/७७ | ७ | दायित्व | १५,००,००० |
| २८ | २०७६/७७ | ५० | उपभोक्ता समिति मार्फत | २,१७,६०,२८८.४९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २९ | २०७६/७७ | ६४ | शैक्षिक | ३,९२,६४२ |
| ३० | २०७६/७७ | ७० | जिन्सी | १,९३,८०० |
| ३१ | २०७६/७७ | ७२ | माटो परीक्षण | १,५६,६०० |
| ३२ | २०७६/७७ | ८२ | झो.पु. | २६,०१,९६८.६७ |
| ३३ | २०७६/७७ | ८३ | भत्ता | ६,५४,४८० |
| ३४ | २०७६/७७ | ८४ | असुल | ४४,०६३ |
| ३५ | २०७६/७७ | ८७ | सार्वजनिक सुनुवाई | १३,४०० |
| ३६ | २०७६/७७ | ८९ | Documentary निर्माण | ४,९९,५०० |
| ३७ | २०७६/७७ | ९१ | शैक्षिक अनुदान | ४,१०,००० |
| ३८ | २०७६/७७ | ९८ | कर | २,७०० |
| ३९ | २०७६/७७ | १०३ | पेश्की | २९,००,२०० |
| ४० | २०७६/७७ | १०४ | सरुवा भ्रमण | १८,२५० |
| ४१ | २०७६/७७ | ११६ | पूर्ण खोप | ६,८९८ |
| ४२ | २०७६/७७ | ११७ | चिरायु इन्फर | ४,९२,३९५ |
| ४३ | २०७६/७७ | १३३ | आलु बिउ | ८०,००० |
| ४४ | २०७५/७६ | ३ | जिम्मेवारी | ७९,१४,८३२ |
| ४५ | २०७५/७६ | ६२ | मु.अ.कर | १,७७,१५८.१० |
| ४६ | २०७५/७६ | ८७ | डिजेल पम्प | २,००,००० |
| ४७ | २०७५/७६ | ५३ | पेश्की बाँकी | ३५,००,००० |
| ४८ | २०७५/७६ | ५८ | बढी भुक्तानी | ३,२७,३२१.६५ |
| ४९ | २०७५/७६ | ७४ | पदाधिकारी अन्य सुविधा | २६,५५,२०० |
| ५० | २०७५/७६ | ७८ | प्रतिवेदन | ४५,००,००० |
| ५१ | २०७५/७६ | ७९ | अनुदान | ६,५०,००० |
| ५२ | २०७५/७६ | ८३ | अनुदान | ६,९०,००० |
| ५३ | २०७५/७६ | ८६ | खरिद | १७,०५५ |
| ५४ | २०७५/७६ | १०० | अनुदान | १०,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | २०७५/७६ | १०३ | भत्ता | ४,०८० |
| ५६ | २०७५/७६ | ११२ | आन्तरिक लेखापरीक्षण | ३९० |
| ५७ | २०७५/७६ | ११४ | आन्तरिक लेखापरीक्षण | १८१.५ |
| ५८ | २०७५/७६ | ११३ | HIMS तालिम | ७५६.९ |
| ५९ | २०७५/७६ | ११६ | आन्तरिक लेखापरीक्षण | ९५,१५६ |
| ६० | २०७४/७५ | २४ | बढी भुक्तानी | १,६३,७४३.६८ |
| ६१ | २०७४/७५ | २८ | परामर्श सेवा | ९,९८,०८० |
| ६२ | २०७४/७५ | ३५ | बढी खर्च | ३४,३९४.९९ |
| ६३ | २०७४/७५ | ३६ | बढी खर्च | ५७,८२३ |
| ६४ | २०७४/७५ | ३७ | बढी खर्च | ९७,५८१ |
| ६५ | २०७४/७५ | ३९ | दर विश्लेषण | १,२२,३४४.९४ |
| ६६ | २०७४/७५ | ४७ | जिन्सी | १७,५०० |
| ६७ | २०७४/७५ | २९ | सर्वेक्षण | ४०,००,००० |
| ६८ | २०७४/७५ | ४५ | अन्य कार्यालय खर्च | १,५३,४०० |
| ६९ | २०७४/७५ | २ | कल्याण कोष | ७,००,००० |
| जम्मा | | | | १०,०३,८७,१४९ |
| **कूल जम्मा** | | | | **१०,०५,७४,८१७** |

# जोरायल गाउँपालिका, डोटी

# ( ८०७७१५०३३०० )

# जोरायल गाउँपालिका , डोटी

# परिचय

१ **परिचय**

**क) कार्यालय परिचय -**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाकोस्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्नेकार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयप्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरीनागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्यरहेको छ। यस गाउँपालिकामा ६ वडा, क्षेत्रफल ४१९.९ वर्ग किलोमिटर तथा २०,३६४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -**लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -**यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।१० देखि २०८२।०८।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -**लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -**लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय र व्ययतर्फ गरी रू. १ अर्ब २१ करोड ९ लाख ४३ हजार ९४९ लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची—२ मा संलग्न छ ।

**(ज) वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ । गाउँपालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा तयार गरेको आयव्यय विवरण छुट्टै समावेश गरिएको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५९९९७७९२ | १ | चालु खर्च | | ३६२२२१०२९ |
| | क= संचितकोष | ४३१९२८९४ | | | क= पालिकाचालु | १२२२५८१८४ | |
| | ख= धरौटी | १३६३२४६९ | | | ख= शर्सतचालु | २३९९६२८४५ | |
| | ग= विभिन्न कोषहरु | ३१७२४२८ | | २ | पूँजीगतखर्च | | १२०४९०९८२ |
| | | | | | क= पालिकापूँजीगत | ८२२३४८५५ | |
| | | | | | ख= अन्यअनुदान पूँजीगत | ३८२५६१२७ | |
| | घ= अन्य | | | ३ | वित्तियव्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | १०५७२८२३४ | | क) ऋणभुक्तानी | | |
| | क) आन्तरिकराजस्व | ५४८४४७२ | | | ख) ब्याजभुक्तानी | | |
| | ख) राजस्वबाँडफाँड | १००२४३७६२ | | | ग) अन्यभुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरणसंघ | | ३६३४५३९६७ | | ऋण लगानी | | |
| | क) वित्तियसमानीकरण अनुदान | ८२०३३४४० | | | शेयर लगानी | | |
| | ख) सशर्तअनुदान | २७१८५५००० | | | अन्य लगानी | | |
| | ग) समपूरकअनुदान | ९५६५५२७ | | ५ | धरौटीफिर्ता | ५६५१८२४ | ५६५१८२४ |
| | घ) विशेषअनुदान | ० | | ६ | जनश्रमदानफिर्ता | | |
| ४ | प्रदेश सरकारबाटप्राप्त अनुदान | | २५५३४८५१ | ७ | कोष फिर्ता | | |
| | क) वित्तियसमानीकरण अनुदान | ७८०९००० | | ८ | शसर्तअनुदान फिर्ता | २०९२७४०६ | २०९२७४०६ |
| | ख) सशर्तअनुदान | ४९५१५२३ | | ९ | गत बर्षकोबढी अल्या | | |
| | ग) समपुरकअनुदान | ५७७२८२४ | | १० | अन्तरसरकारी बजेट खर्च | | ८९९८२२०९ |
| | घ) विशेषअनुदान | ७००१५०४ | | | क सामाजिकसुरक्षा | ८५७६८००६ | |
| ५ | अन्तरसरकारी बजेट | | ८९९८२२०९ | | ख) घरेलुतथा साना उद्योग प्रवर्द्धन केन्द्र | २४७७१४५ | |
| | क सामाजिकसुरक्षा | ८५७६८००६ | | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११६७०५८ | |
| | ख) घरेलुत था साना उद्योग प्रवर्द्धन केन्द्र | २४७७१४५ | | | घ)विद्यालय शिक्षा क्षेत्र योजना | ५७०००० | |
| | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११६७०५८ | | | ङ) | | |
| | घ)विद्यालय शिक्षा क्षेत्र योजना | ५७०००० | | ११ | कार्यसंचालन कोष तर्फको व्यय | १०३७८७२३ | १०३७८७२३ |
| | | | | १२ | मौज्दात | | ५१६३७३९३ |
| ६ | अन्य | | २९९४२०१ | | क= संचितकोष | ३४२७००२८ | |
| | क)क्षेत्रीयशहरी विकास योजना | | | | ख= धरौटी | १३२५४६३७ | |
| | ख) सडकबोर्ड नेपाल | २९९४२०१ | | | ग= विभिन्नकोषहरु | ४११२२२७ | |
| | ग) पर्यटनबोर्ड नेपाल | | | | घ= गत वर्षको बाँकि आन्तरिक राजश्व वापतको रकम यस बर्ष दाखिलागरेको | ५०० | |
| | घ) एन एनएस डब्लु ए | | | | | | |
| ७ | विभिन्नकोषतर्फको आय | ८३२४३२१ | ८३२४३२१ | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विषयगतनिकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | ५२७३९९२ | ५२७३९९२ | | | | |
| ११ | लगानीकोसाँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविधआय | | | | | | |
| जम्मा | | ६६१२८९५६७ | ६६१२८९५६७ | | जम्मा | ६६१२८९५६७ | ६६१२८९५६७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रणतर्फ**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा कार्यक्रम खर्च गर्दा मितव्ययिता अपनाउनुपर्ने पर्नेमा गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पुँजीगत निर्माणमुखी रहेको पाईएन,

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यिनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालना गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रू. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकीन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन, साथै यस वर्ष निर्माण गरेका सबै पूँजीगता कार्यको फोटो राख्ने गरेको पाइएन।

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ३ परिपालनाको लेखापरीक्षण

३.१ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। यस पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता र अन्या

दर्ता तथा सिफारिस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएता पनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलब्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले ६ वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | १ |
| 1 | जन्म दर्ता | ४९८ |
| 2 | मृत्यु दर्ता | ११३ |
| 3 | बसाईसराई दर्ता | २२० |
| 4 | विवाह दर्ता | २०६ |
| 5 | सम्बन्धविच्छेद दर्ता | ८ |

३.२ **अनुदानको अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमश बुँदा नं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट सञ्चालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत सञ्चालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ, कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनुपर्दछ।

| क्र.सं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम | स्रोत | खर्च |
|---|---|---|---|
| १ | कोटेलील खोला तटबन्धन वडा नम्बर ३ र कुमारा खोला तटबन्धन वडा नम्बर ३ | प्रदेश समपुरक अनुदान | ९३०००००।०० |
| २ | पर्यटकीय स्थल छलरा झर्ना सडक निर्माण वडा नम्बर २ | संघीय समपुरक अनुदान | ९५६५५२७।०० |
| ३ | किल्लौड स्थल छहरा झर्ना सडक निर्माण वडा नम्बर २<br>वडा नम्बर २ को कार्यालय भवन | प्रदेश विशेष अनुदान | ३८८४२४२।००<br>३४३६६७२।०० |

३.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

३.४ आवधिक योजना -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने पर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३.५ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

३.६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना

तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

३.७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०८१।०३।११ मा रू.५४७७९६०००।०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

३.८

**योजना प्राथमिकीकरण -** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ आयोजना प्राथमिकीकरण, छनौट र कार्यान्वयनको लागि स्वीकृत गर्ने तथा स्थानीय आयोजना बैङ्कको सूचीमा समाविष्ट आयोजनालाई प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कन (Project Readiness Assessment) का आधारमा थप जाँच गर्नुपर्ने र आयोजनाको प्राथमिकीकरणका लागि मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाका लागि सोही दिग्दर्शनको अनुसूची-११ मा प्रस्तुत भए बमोजिमको आधार तथा विधि अवलम्बन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका ३४५ योजनाको लागि कुल रू. १२०४९०९८२।४४ बजेट विनियोजन गर्दा दिग्दर्शनमा भएको व्यवस्थाको पालना गरेको देखिदैंन।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२० लाख माथिका योजना सङ्ख्या | रू.५लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रू.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १९६ | १२ | ४० | १४४ |
| २. | वडास्तरीय | १४९ | ० | ७ | १४२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३४५ योजना कार्यान्वयन ५ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको सामाजिक विकासका सबैभन्दा बढी ६०.२५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.९८ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दीर्घकालीन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/ उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०९०७०००।०० | ४४१९६०५३।२५ | ९.३४ |
| २ | सामाजिक विकास | ३०८४५७०००।०० | २८५१०१५५५१।९७ | ६०.२५ |
| ३ | पूर्वाधार विकास | ५६०९४०००।०० | ५१८५५७२२।४४ | १०.९८ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ९६८२०००।०० | ९४०६८१४।०० | १.९८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०९७६६०००।०० | ८२५८६३४२।७९ | १७.४५ |
| ६ | वातावरण तथा विकास | ३०००००।०० | ०० | ०० |
| कुल जम्मा | | ५३५२०६०००।०० | ३४७३१४६४८४।४५ | १०० |

३.१० **खर्च विश्लेषण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार गाउँपालिकाले खर्चको विश्लेषण गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू.५४,८४,४७१।७८ राजस्व बाँडफाँड र अनुदानबाट रू.४८९२३२५८०।०१ समेत रू. ४९४७१७०५१।७९ आम्दानी भएकोमा चालु तर्फ रू.३६२२२१०२९।०१ र पुँजीगत तर्फ रू१२,०४,९०,९८२।४४ समेत रू. ४८२७१२०११।४५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२९ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रू. ५६६२५००।०० खर्च भएको छ जुन आन्तरिक आयको १०३.४२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८८.४१ प्रतिशत चालु र ८८.२१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

३.११ **त्रैमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.१२०४९०९८२।४४ भएकोमा प्रथम त्रैमासिकमा २०.९१ प्रतिशत, दोस्रो त्रैमासिकमा २३.३४ प्रतिशत, तेर्सो त्रैमासिकमा २४.१२ प्रतिशत र चौथो त्रैमासिकमा ३१.६३ प्रतिशत भएको छ। यसरी नै आषाढ महिनामा मात्र रू. ९०९७१८१।७२ अर्थात २५.१६ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशीर्षक | कुल खर्च रू. | त्रैमासिक खर्च रू. | | | | आषाढ महिनाको खर्च रू. |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२०४९०९८२।४४ | ७५७३५७२५।३ | ८४५०४१५५७।२२ | ८७३७१४३८।९४ | ११४६०९७०७.७२ | ९०९७१८१३।७२ |
| प्रतिशत | १००.०० | २०.९१ | २३.३४ | २४.१२ | ३१.६३ | २५.१६ |

३.१२ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्ष मा २ पटक भएको देखियो।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३.१३ **मध्यमकालीन खर्च संरचना**- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को बजेट तर्जुमाको बखत मध्यमकालीन खर्च संरचनामा तयार गरेको छ। मध्यमकालीन खर्च संरचनामा तयार गर्दा आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता देखिंदैन। पालिकाले आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

३.१४ आन्तरिक लेखापरीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। पालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको पद रिक्त हुन गई आन्तरिक लेखापरीक्षकलाई आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी प्रदान गरेको कारण पालिकाको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नभएको देखिन्छ। पालिकाले सम्बन्धित निकायसँग समन्वय गरी रिक्त पद पूर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३.१५

**धरौटी विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकी रहेको धरौटी अर्को वर्षको लागि जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार पालिकाको गत वर्षको जिम्मेवारी सारेको धरौटी रू. १३६३२४६९।१० र यस वर्ष प्राप्त धरौटी रू ५२७३९९२।०० समेत गरी जम्मा रू. १८९०६४६१।१० भएकोमा यस वर्ष रू. ५६५१८२४।९९ फिर्ता भई धरौटी मौज्दात रू. १३२५४६३७।१० रहेको छ ।गाउँपालिकाले धरौटी मौज्दात रकम नियमानुसार अद्यावधिक गरी सदस्याहा तथा फिर्ता गर्नुपर्दछ।

३.१६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

३.१७ **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ११६ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३५ वटा ऐन ,८१ निर्देशिका र कार्यविधि लगायत ११६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले ११६ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियन गरेको देखियो। तसर्थ, उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ।

३.१८ **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**- स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८२.२५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ,, पालिकाले संस्थागत क्षमतामा सुधार र यसलाई निरन्तरता दिनुपर्दछ।

३.१९ **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ मुद्दा र यो आर्थिक वर्षमा ९ गरी जम्मा १३ मुद्दा दर्ता भएको पालिकाकले उपलब्ध गराउको विवरणमा उल्लेख छ।सबै मुद्दाहरु फर्स्यौट भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा लगाएको देखिन्छ।न्यायिक समितिलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३.२० **सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ, ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

३.२१ **शासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर सहित २५ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

३.२२ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । गाउँसभाको २०८१।३।१ को निर्णयले कानुनी सल्लाकार लगायत ८५ दरबन्दी स्वीकृत गरेको छ। पालिकाले यो वर्ष देहायका करार कर्मचारीको तलब भत्तामा रू. १०१४४७७३।०० खर्च गरेको पाइयो। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट स्वीकृत गरेर मात्र कर्मचारीको व्यवस्था गरी तलबभत्ता खर्च लेख्नुपर्दछ।पालिकाले गरेको कर्मचारी नियुक्तिसम्बन्धी निर्णय अनियमित भएकाले नियमित गर्नुपर्ने रु

| सि.नं. | पद | नियुक्ति संख्या | तलव भत्तारू. |
|---|---|---|---|
| १ | खेलप्रशिक्षक | १ | ४६१४९०. |
| २ | अमिन | १ | ४३७७२६. |
| ३ | कानुनी सल्लाकार | १ | ५७७९५७. |
| ४ | नेत्र सहायक( चैत्रमा नियुक्त गरिएको ) | १ | १२००००. |
| ५ | अप्टिकल डिस्पेन्सर( चैत्रबाट नियुक्त ) | १ | १०००००. |
| ६ | नायब प्राविधिक सहायक | २ | ८४८०००. |
| ७ | सवारी चालक | ३ | ८८८०००. |
| ८ | सामाजिक परिचालिका | १ | २८७०००. |
| ९ | स्विपर | १४ | ३२८८६००. |
| १० | कार्यालय सहयोगी | १६ | ३१३६०००. |
| जम्मा | | ४१ | १०१४४७७३ |

| | |
|---|---|
| अनियमित भएको | १,०१,४४,७७३ |

३.२३ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रु. ५८९४५०।०० ,कर्मचारीको बैठक भत्ता रू. २१०००।०० गरी जम्मा रु ६१०४५०।०० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधाबीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

३.२४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले जोरायल आर्थिक सहायता कोष ऐन, २०७७ अनुसार मापदण्ड र विभिन्न व्यक्तिहरुलाई रू. २७१०००।००आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. ४९४७१७०५१।७९ को ५.४७ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड अनुसार मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

३.२५ **वडाको विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शीर्षकबाट वडालाई रू.४८९०९५।०० भुक्तानी गरेको छ। विविध खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य समाग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्चबीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

| वडा नं. | खर्च रकम |
|---|---|
| १ | ८१११०।०० |
| २ | ७८९८७।०० |
| ३ | १७४१३८।०० |
| ४ | ५४८६०।०० |
| ५ | ६००००।०० |
| ६ | ४००००।०० |
| जम्मा | ४८९०९५।०० |

३.२६ **इन्धन खर्च** - अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलब्ध गर्न सकिने व्यवस्था छ। यस वर्ष कर्मचारी र कार्यालय प्रयोजनमा रू.११८२७५८।००, पदाधिकारीको लागि रू.९९५९७७।०० र अन्य प्रयोजन गरी रू. ८३८९०।०० गरी रू. २२६२६२५।०० इन्धनमा खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनुपर्दछ।

३.२७ **सवारी साधन मर्मत**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गराउदा सार्वजनिक निकायले आफ्नै मर्मत केन्द्र वा वर्कसप भएको अवस्थामा आफ्नै मर्मत केन्द्र तथा वर्कसपबाट गराउनु पर्ने र नभएको अवस्थामा यस नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी नियमावलीमा भएको प्रावधान अनुशरण गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार सवारी साधन मर्मत गराउँदा आफ्नो मर्मत केन्द्र नभएको अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान स्वीकृत गराई खुला र प्रतिस्पर्धात्मक मुल्यमा मर्मत सेवा खरिद गर्नुपर्नेमा सोझै खरिद गरी रू. १९५६९५१।०० भुक्तानी गरेको देखियो। केही मर्मत नमुनाहरु देहायबमोजिम छनः

| क्रस | मर्मत भएको सवारीसाधन | मर्मतकर्ता | मर्मतरकम |
|---|---|---|---|
| ३ | जिप१थान | ठाकुर अटो केयर | ८९९७३५।०० |
| ४ | एम्बुलेम्स २ | सिप्रदी ट्रेडिङ प्रा. लि. | ९७३९९।०० |
| ५ | मोटरसाइकल र स्कुटर गरी २३ थान | पाथीभरा अटो वर्कसप | ३६३२८२।०० |

सवारी साधन मर्मत गर्दा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ।

३.२८ **दुरी प्रमाणित-** भ्रमण खर्च नियमावली, २०६४ को नियम १० को उपनियम (१) मा बीस किलोमिटरभन्दा बढी दूरी भएको अर्को कार्यालयमा सरुवा, बढुवा वा कायम मुकायम मुकरर भई जाने पदाधिकारी वा कर्मचारीले तोकीएबमोजिमको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ।पालिकाले कार्यलयको काम कारबाहिको लागि पालिकास्थित विभिन्न स्थानमा भ्रमण गरे वापत कर्मचारी तथा पदाधिकारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा दुरी प्रमाणित गरेको पाइएन।यसरी दुरी प्रमाणित नगरी दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा नियमानुसारको २० किलोमिटरको दूरी पुग्ने नपुग्ने एकिन गर्न सकिएन। स्थानीय तह भित्र भ्रमण भत्ता भुक्तानी गर्दा दुरी प्रमाणित गरी नियमानुसार २० कि मि भन्दा बढि दुरीको भ्रमण भएको पुष्टि भए पश्चातमात्र भ्रमण भत्ता भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ।

३.२९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छनः

| सम्पत्ति | प्राप्त मिति | संख्या | कैफियत |
|---|---|---|---|
| घरजग्गा क्षेत्रफल र संख्यासहित | ऐलानी जग्गा | ४१९।०९ वर्गमिटर | |
| सवारीसाधन (रू.१लाखभन्दाबढी) | विभिन्न मितिमा प्राप्त | २६ | |
| उपकरण (रू.१लाखभन्दाबढी) | विभिन्न मितिमा | ८ | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारीसाधन | विभिन्न मिति माप्राप्त | ३ | |
| अतिक्रमणमा परेको जग्गा | अभिलेख नरहेको | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | नरहेको | | |

पालिकाले जिन्सी सामग्रीको यथार्थ लगत राखि जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार मर्मत, सम्भार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

३.३० **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ तर खप्ने र नखप्ने अलग-अलग प्रतिवेदन तयार गरेको छैन जसले गर्दा पालिकाको सबै जिन्सी मालसमानको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

३.३१ **जिन्सी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा

नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

३.३२ **परामर्श सेवा-** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा सोहि अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा पालिकाले देहाय अनुसारका परामर्श सेवाखरिद गरी रू. ५२००५४७।०० खर्च लेखेको छ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा लागत अनुमान कै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ।अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता हुनुपर्दछ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्चरकम** |
|---|---|---|---|
| घण्टेश्वर बहुमुखी क्याम्पस माटो परीक्षण र डिजाइन डिपिआर | आर टी एस ईन्जिनियरिङ प्रालि | २००००००।०० | १९४७८४०।०० |
| तट्बन्धन (सैगडी बालुवाटार, खेमारव खोला , भजना खोला, खरिखोला, छहरा पतडा खोला) डिपिआर | इरिस ईन्जिनियरिङ कन्सल्ट प्रालि | २००००००।०० | १९५६५९७।०० |
| जोरायल गाउँपालिका आवधिक योजना | फ्रन्टलाइन ईन्जिनियरिङ प्रालि | १३०००००।०० | १२९६११०।०० |

३.३३ **विपद व्यवस्थापन समिति गठन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

३.३४ **कार्यक्रमगत प्रगति प्रतिवेदन -** प्रत्येक कार्यक्रम कार्यन्वयन कार्यविधिमा कार्यक्रमको प्रगति तथा अनुगमन प्रतिवेदन बनाउनु पर्ने व्यवस्था छ। जसबाट सबै सूचना प्राप्त गर्नुका साथै कार्यक्रमको सारांस प्राप्त गर्न सकियोस। पालिकाबाट यो वर्ष संचालित कार्यक्रमहरु अर्न्तगत वितरण गरेका अनुदान रकम, लाभान्वित लाभग्राहीहरु, प्राप्त उपलब्धि लगायतका सुचनाहरु एकीकृत र खण्डिकृतरुपमा प्राप्त हुनसक्ने गरी प्रगति वितरण तयार नगरेकोले गाउँपालिकाबाट अनुदान वितरण गरेका व्यक्ति तथा संस्थाको संख्या तथा विवरण प्राप्त हुन सकेन। जसले गर्दा प्रगति समिक्षा गर्न सकिएन । एकीकृत र खण्डिकृतरुपमा प्रगति प्रतिवेदन तयार गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

३.३५ **विपद व्यवस्थापन कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

३.३६ **प्रकोप व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात १४३५७७२।०० र यो वर्षको आम्दानी रू. ६५५०००।०० गरी रु. आम्दानी प्राप्त २०९०७७२।०० भएकोमा कोषबाट यो बर्षमा रू. ८८५७९५।०० खर्च भई रू.१२०४९७७।०० बाँकी रहेको देखियो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

३.३७ **विपद व्यवस्थापन वार्षिक प्रतिवेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३.३८ **योजना कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा २४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनितिका विषय, क्षेत्रगत र दीर्घकालिन विकास योजना लागु गर्नुपर्ने व्यवस्था छ। उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमुलक तथा छिटो प्रतिफल दिने जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने स्थानीयहरुको सहभागिता जुट्ने, स्वंय सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने लैङ्गिक समानता र समावेशीकरण अभिवृद्धि हुने महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक वार्षिक रणनितिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना नबनाई साना साना टुक्रे कामका लागि बजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ। साथै छनोट भएका योजनाहरु कार्यान्वयन गर्दा एकै प्रकृतिका कामहरु सम्भव भएसम्म एउटै प्याकेज बनाई खरिदमा प्रतिष्पर्धा गराई लागत प्रभावी ढंगबाट काम गर्नु पर्नेमा धेरै निर्माणकार्य उपभोक्ता समिति मार्फत एंव दररेट माग गरी साना फर्मबाट खरिद एंव निर्माण कार्य गराउने गरेको कारण गुणस्तर, दिगो एवं दीर्घकालीन आय आर्जन र रोजगारीमा योगदान पुग्ने खालका निर्माण कार्यहरु न्यून मात्रामा भएको देखियो। पालिकाले ठुला एवं दीर्घकालीन रोजगारी सृजना र आयआर्जन तथा जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वयन गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ।

३.३९ **पत्रपत्रिका वापतको भुक्तानी** - सरकारी खर्चमा मितव्ययिता मापदण्ड,२०७८ को दफा ६(२)मा खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाईने ब्यवस्था छ। सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ। पालिकाले यो बर्ष पत्रपत्रिकामा शुभकामना प्रकाशन वापत निम्नानुसार सञ्चार गृहहरुलाई रू. १६८४८३।०० खर्च गरेको पाईयो।तसर्थ, यस प्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग हुनुपर्दछ। केही नमुना भौचरहरु देहायबमोजिम छनः

| भौचरनं./मिति | शीर्षक | भुक्तानी प्रापकर्ताको नाम | रकमरू. |
|---|---|---|---|
| १४।२०८१।६।१६ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | अत्तरिया मिडिया | ९३५६४ |
| १४४।२०८१।८।१२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | सुदुर सन्देश पव्लिकेशन प्रा लि | १६०१७७।०० |
| १७।२०८२।२।२० | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | अत्तरिया मिडिया | १६८४८३।० |

३.४० **सूचना प्रविधिको प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को निमय १२९ मा कार्यालयले लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वा लेखा सम्बन्धी कारोबार गर्न महालेखा नियन्त्रक कार्यालय तथा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ।गाउँपालिकाले प्रयोग गरेका सफ्टवयेरलाई सूचना प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। गाउँपालिकामा प्रयोगमा रहेका सूचना प्रणाली तथा सफ्टवेयरको सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्दछ।

३.४१ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १२०४९०९८२।४४ पुजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३.४२ **मसलन्द तथा कार्यालय सामग्री** -सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजिमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.३५३६००७।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

३.४३ **घरभाडा खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू. ७७१८००।०० खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनको अतिरिक्त विभिन्न अन्य भवनहरु पनि भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

३.४४

**सफ्टवेयर खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको ब्याकअप प्लान बनाउन र लागु गर्नु पर्ने व्यवस्था छ। साथै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले देहाय बमोजिम रू. २४७४३८१।३७ बराबरको सफ्टवयर खरिद गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। साथै सफ्टवयर खरिद गरेको तथा नविकरण बापत शुल्क भुक्तानी गरेकोमा सूचना प्रविधि विभागबाट मानक अनुरुप भए नभएको स्वीकृत गराएको देखिएन। जसबाट खरिद गरिएका सूचना प्रविधि प्रणाली(Software)हरु अथेन्टिक रहेको र सरकारी तथ्यांकलाई सुरक्षित गर्ने खालको हुन होइन तथा वास्तविक कार्यालयलाई आवश्यक सफ्टवयर हुन भन्ने सम्बन्धमा एकिन हुन सकिदैंन। यसर्थ, पालिकाले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण तथा खरिद गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराई तथ्याङ्क सुरक्षा तथा गोपनीयता(Data Security and Privacy)लाई समेत ध्यान दिई निर्माण तथा खरिद गर्नुपर्दछ।

| क्र.स. | सफ्टवेयरको नाम | खरिद मिति | कम्पनी | खरिद मुल्य | खरिद आ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SMART ROAD Software | २०७६।४।१ | Nepal/Smart Tech Solution Pvt.Ltd. | १५००००।०० | २०७६।०७७ | सञ्चालनमा नरहेको |
| २ | Ward Administration and Management Software | २०७६।४।१ | Codefusion Technologies Pvt.Ltd. | २७१२००।०० | २०७६।०७७ | सञ्चालनमा नरहेको |
| ३ | योजना सफ्टवेयर | २०७७।७।२ | Smart Tech Nepal | ३०९५००।०० | २०७७।०७८ | सञ्चालनमा नरहेको |
| ४ | E-Payroll Software/ तलब हिसाब खाता व्यवस्थापन प्रणाली | २०७८।१२।१३ | Governance Automation Solution | ३०००००।०० | २०७८।०७९ | सञ्चालनमा नरहेको |
| ५ | Dashboard (Bulk SMS) | २०७९।१२।१ | Idea INC.PVT.LTD | ५०००।०० | २०७९।०८० | सञ्चालनमा रहेको |
| ६ | डिजिटल प्रोफायल | २०८०।३।१२ | Smart Tech Nepal | ७८४०००।०० | २०७९।०८० | सञ्चालनमा रहेको |
| ७ | कर्मचारी सूचना व्यवस्थापन प्रणाली (PIS) | २०८१।३।१५ | Codefusion Technologies Pvt.Ltd. | ४९४७६५।०० | २०८०।८१ | सञ्चालनमा रहेको |
| ८ | ई- हाजिरी | २०८१।८।१७ | दिपेश इन्फोसिस प्रालि | ५२५६६।३७ | २०८१।८२ | संचालनमा रहेको |
| ९ | अस्पताल व्यवस्थापन सूचना प्रणाली | | एवि ग्रुप प्रालि | १०७३५०।०० | २०८१।८२ | संचालनमा रहेको |
| जम्मा | | | | २४७४३८१।३७ | | |

३.४५ **कन्टिन्जेन्सी खर्च**- सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू. खर्च गर्दा नियमावलीमा व्यवस्था भए अनुरुप केन्द्रीय निकाय अर्थात कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी खर्च गरेको देखिएन। तसर्थ, कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र वैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

| क.स. | कन्टिन्जेन्सीको विवरण | खर्च रू. |
|---|---|---|
| १ | फिल्ड भत्ता | ८००११६।०० |
| २ | इन्धन | ०० |
| ३ | मर्मत | ०० |
| ४ | मसलन्द | ५०६०२४।०० |
| ५ | निर्माणखर्च | ०० |
| ६ | सम्बन्धित विभागमा पठाएको | ०० |
| ७ | अन्य | ५६५४१३।०० |
| जम्मा | | २३८४२०३ |

## ४ आन्तरिक आयतर्फ

४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ७४५००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रू. ५४,८४,४७१।७८ अर्थात अनुमान भन्दा २६ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४.२ तीन वर्षको आन्तरिक आयको अवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आर्थिक वर्ष | आय अनुमान | संकलित रकम | प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | ३८०००००।०० | ३५७९८०५।०१ | ९४.२१ |
| २०८०/८१ | ५१०००००।०० | ६४०९८२९।६५ | १२६ |
| २०८१/८२ | ७४५००००।०० | ५४८४४७१।७८ | ७४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा रू. ३८०००००।०० आय अनुमान गरिएकोमा रू. ९४.२१ प्रतिशत संकलन भएको छ त्यसै गरी आर्थिक वर्ष २०८०/८१ मा रू. ५१०००००।०० आय अनुमान गरिएकोमा १२६ प्रतिशत

संकलन भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा रू. ७४५००००।०० आय अनुमान गरिएकोमा ७४ प्रतिशत संकलन भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय पहिलो वर्षको तुलनामा दोस्रो वर्ष बढेता पनि तेस्रो वर्ष पुन: घटेको छ। पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकालेआफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोबारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

४.३ कर तथा शुल्क असुली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पतिकर | १०००००।०० | १०९२५१।०० | १०९ |
| भूमिकर/ मालपोतकर | ४०००००।०० | ६२१८३७।७५ | १५६ |
| बहालकर | २७५०००।०० | ३५७९२८।७८ | १३० |
| परीक्षाशुल्क | १५०००।०० | २२८६२।०० | १५२ |
| अन्यप्रशासनिक सेवाशुल्क | २२००००।०० | २०२७३०।०० | ९३ |
| नक्सापास दस्तुर | २०००००।०० | २९८०८.३८ | १५ |
| सिफारिस दस्तुर | १००००००।०० | ६९२९६६।५४ | ७० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २५००००।००० | १८९०००।०० | ७६ |
| नाताप्रमाणितदस्तुर | १७५०००।०० | १८१५२५।४७ | १०४ |
| अन्यदस्तुर | १०००००।०० | ३०००।०० | ३ |
| व्यवसाय रजिष्ट्रशन दस्तुर | १००००००।०० | ३२२८६०।०० | ३३ |
| अन्य क्षेत्रको आय | १०००००।०० | १७१७४२।०० | १७१ |
| प्रशासनिक दण्ड जरिवाना र जफत | १००००।०० | ०० | - |
| अन्य राजस्व | १८००००।०० | १५३५४९६.५८ | ८५३ |
| व्यवसायकर | ०० | ७१२२७१।२० | - |
| बेरुजु | ६०००००।०० | ३३११९३।०० | ५६ |
| जम्मा | | ५४८४४७१।७८ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।

४.४ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. ७१२२७१।

२० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

४.५ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक सञ्जाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्स्टाग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। सामाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनुपर्दछ।

४.६

मनोरञ्जन कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

४.७ **कम्प्युटर लेखा प्रणाली** - पालिकाले लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोबारलाई नियमित र व्यवस्थित गर्न प्रचलनमा रहेको सफ्टवेयर साङ्गीला कम्पनीको आय प्रणाली र कर प्रणाली प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी आन्तरिक आय अर्न्तगत रू. ५४८४४७१।७८आय देखाएको पाइयो। आम्दानीको सफ्टवेयर सिस्टमको परीक्षण गर्दा बराबर देखियो। सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमा भन्दा बाहिर रहेको छ। उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोबारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोबारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

४.८ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

४.९ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची - ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउनसक्ने तथा अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। गाउँपालिकाले प्रदेशले तोकेको दरमा कर असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयन ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान जानुपर्दछ।

४.१० **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित हुनुपर्ने विषय समावेश छ। प्राप्त विवरण अनुसार

गाउँपालिकामा एम्बुलेन्स २ रहेकोमा सोको परिचालनबाट देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

| सि.नं. | सवारीको विवरण | खर्च रू. | | | | जम्मा आम्दानी रू. |
|---|---|---|---|---|---|---|
| | | इन्धन | चालक/ हेल्परको तलब भत्ता | मर्मत खर्च | जम्मा खर्च | |
| १ | एम्बुलेन्स २ | ३५६९२५।९० | ५७००००।००।०० | ५१०२८८।७९ | १४३७२१४।६९ | ४५४२९०।०० |

उल्लिखित उपकरणहरुको आम्दानी र खर्चको विश्लेषण गर्दा वर्षभरी ४५४२९०।०० आम्दानी देखिई रु १४३७२१४।६९ खर्च भएको देखिन्छ जुन कुल आम्दानीको ३१६ प्रतिशत हुने भएकोले उपकरणमा आम्दानी भन्दा धेरै खर्च देखिन्छ। यसरी उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। खर्चको तुलनामा आय अधिक हुने गरी उल्लिखित उपकरणहरुको परिचालनमा गाउँपालिकाले ध्यान दिनुपर्दछ।

५ **बगर खेती कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्चको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडा नं ४ भजना गाउँमा बगर खेतीका लागि ७ ब्यक्तिबाट ४१ रोपनी ७ आना ७ पैसा ७ दाम जग्गा वार्षिक रु २५००।०० प्रतिरोपनीका दरले १० वर्षका लागि बगर खेती संचालन कार्यविधि २०८० बनाई जग्गा लिजमा लिई (प्रत्येक २ वर्षमा १० प्रतिशत वृद्धि हुने) बगरखेती कार्यक्रम शुरु गरेको जानकारी प्राप्त भयो । गतवर्ष नै २ वर्षका लागि लिज रकम उपलव्ध गराएकोमा यो वर्ष संघीय सरकार हस्तान्तरित कार्यक्रमबाट देहाय अनुसार रु १२५६७१४।०० खर्च गरेको छ । उक्त कार्यक्रमको २०८२।८।१४ मा स्थलगत निरीक्षण गर्दा करिब ४० प्रतिशत जग्गा खनजोत गरेको देखियो । छलफलका क्रममा उक्त जग्गामा यो वर्ष मात्र घेरबार भएकोले पूरै जग्गा उपयोग गर्न नसकिएको जानकारी पालिकाले गराएको छ । लिजमा लिएको सवै जग्गा पूर्ण उपयोग गरी अधिकतम आय आर्जन गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

| गोभौ मिति | कामको विवरण | उपभोक्ता समितिको नाम | खर्च रु |
|---|---|---|---|
| ८।२०८२।३।४ | घेरवार तथा तटबन्ध | नौलो विहानी पशुपंक्षी तथा माछापालन कृषक समूह | ९२९५९०।०० |
| २९।२०८२।३।१८ | तटबन्धन | नौलो विहानी पशुपंक्षी तथा माछापालन कृषक समूह | ३२७१२४।०० |
| | | जम्मा | १२५६७१४।०० |







६ **कार्यक्षेत्र बाहिरको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय

तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भा.नं./ मिति | विवरण | प्रयोजन | खर्च रकम |
|---|---|---|---|
| ३७८-२०८१।११।२४ | प्रहरी चौकी | पेट्रोल र अन्य सामग्री | १०८०९ |
| ६६८-२०८२।२।२१ | महिला अधिकार मञ्च | कार्यालय व्वयस्थापन खर्च | २३८०७६ |
| ७४१-२०८२।३।१० | प्रहरी चौकी, गडसेरा | घरभाडा | ७५००० |
| ७८६-२०८२।३।१२ | प्रहरी चौकी, गैरा | कार्यालय व्यवस्थापन खर्च | ३०००० |
| जम्मा | | | ३५३८८५ |

| | |
|---|---|
| अनियमित भएको | ३,५३,८८५ |

७ **जरिवाना ( विद्युत र सवारी बीमा तथा नवीकरण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले सवारी साधनको बीमा तथा नवीकरण र विद्युत महशुल समयमै भुक्तानी गर्नुपर्नेमा ढिलो गरि भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले ढिलो गरि बीमा तथा नवीकरण जरिवाना स्वरूप रू. ७००० र विद्युत महशुलमा जरिवाना रू.४७९४३ गरी जम्मा जरिवाना रू.५४९४३ भुक्तानी गरेको छ ।यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५४,९४३ |

८ **सवारी साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सान वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनुपर्ने उल्लेख छ। गाँउपालिकाले वर्षभरिमा सवारी साधन भाडामा रू.११,०६,८५०।०० खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको, एक जना व्यक्ति मात्र कार्यालयको काममा जानुपर्ने अवस्थामा पनि गाडिी भाडामा लिई प्रयोग गर्ने गरिएको पाइयो। पालिकाबाट हुने प्रायजसो कार्यक्रम, तालिम, गोष्ठी, अनुगमन आदिको लागि भाडामा लिने परिपाटी देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययी हुनुपर्ने र रकम भुक्तानी पश्चात रकमको उपयोग सम्बन्धमा प्रतिवेदन पेश हुनुपर्दछ।

९ **सुचना प्रशारणमा नियमको पालना**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन । नमुना परीक्षण अनुसार पालिकाबाट विज्ञापन तथा सूचना प्रशारण बापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गो.भा.नं.।मिति | नाम | कर लाग्ने रकम | ३ प्रतिशत हुने रकम |
|---|---|---|---|
| १४-२०८१।६।१६ | अत्तरिया मिडिया प्रा.लि. | ८२८०० | २४८४ |
| १४५-२०८१।८।१२ | आगन मिडया प्रा.लि | १४१७५० | ४२५३ |
| ४१२-२०८१।१२।३ | सृजनशील संचार समुह | ३०००० | ९०० |
| ६३४-२०८२।२।२० | अत्तरिया मिडिया प्रा.लि. | १५७९५० | ४७३९ |
| १०४७-२०८२।३।२४ | दिक्षान्त विज्ञापन सेवा | ६३००० | १८९० |
| २५१-२०८२।३।१९(पूंजीगत) | एम.आर. एड्भरटाइजिङ् एजिन्सी प्रा.लि | ७१४०० | २१४२ |
| ९३९-२०८२।३।१९ (पूंजीगत) | आगन मिडया प्रा.लि | ६३००० | १८९० |
| २८-२०८२।३।२३ (पूंजीगत) | सक्सेस एड्भरटाइजिङ प्रा.लि | ५७१२० | १७१४ |
| ३४-२०८२।३।२३ (पूंजीगत) | आगन मिडिया प्रा.लि | ५७७५० | १७३२ |
| ३६-२०८२।३।२३ (पूंजीगत) | एम.आर.एड्भरटाईजिङ्ग एजेन्सी प्रा.लि. | ११४२४० | ३४२७ |
| ३७-२०८२।३।२४ (पूंजीगत) | एम.आर.एड्भरटाईजिङ्ग एजेन्सी प्रा.लि. | ८९२५० | २६७७ |
| जम्मा | | | २७८४७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,८४८ |

१० **वितरणमुखी/अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम कार्यक्रम राखि कार्यक्रम सञ्चालन गरेको देखियो । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्धि के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| क्र.सं. | भौ.नं.र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ९०-२०८१।७।२३ | घण्टेश्वर मेला व्यवस्थापन समितिलाई अनुदान | ९०००० |
| २ | २९७-२०८१।१०।१ | चउडेला देवता व्यवस्थापन समितिलाई अनुदान | २५०००० |
| ३ | ४४९-२०८१।१२।७ | महिलासंग उपाध्यक्ष कार्यक्रममा १५० जनालाई १४०० (कर बाहेक) का दरले कम्बल बितरण | २३७३०० |
| ४ | ४९०-२०८१।१२।२० | जेष्ठ नागरिक सम्मान कार्यक्रममा ६३ जनालाई १४०० (कर बाहेक) का दरले कम्बल बितरण | ८८२०० |
| जम्मा | | | ६६५५०० |

११ **मुअकर कट्टि**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मुअकर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टी गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता वा निर्माण व्यवसायीबाट मुअकर समायोजन पत्र पेश गर्नु पर्दछ।

| गो.भौ.न. तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम |
|---|---|---|---|
| १९७-२०८१।९।२१५ | एम.पि.ट्रेड एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | ९९३४६ |
| २२१-२०८१।९।११ | युनिग्लोब ड्रग सप्लायर्स | औषधी खरिद | ९९९९१ |
| जम्मा | | | १९९३३७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,३३७ |

१२ **PAMS मा दाखिला नभएको**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१४९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१३ **कृषक समुहलाई अनुदान**

कृषक समुहलाई अनुदान – स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को बुँदा ४ (ङ) मा स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा कृषि सामग्री र मेशीनरीको हकमा अनुदानको सीमा ५० प्रतिशत हुने व्यवस्था छ। पालिकाले यो वर्ष आधुनिक चक्कि खरिद गरी निम्न समुहहरुलाई वडा नं.१ मा वडा कार्यालयबाट निर्णय गरी १०० प्रतिशतमा अनुदान दिएको देखियो। देहायका समुहहरुबाट ५० प्रतिशत बढी अनुदान भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| क्र.सं. | समुहको नाम | अनुदान भुक्तानी भएको | हुनुपर्ने अनुदान रकम | असुल हुनुपर्ने |
|---|---|---|---|---|
| १ | परिवर्तनशिल कृषक समुह | ५५६०० | २७८०० | २७८०० |
| २ | सिद्धनाथ सामुदायिक वन उपभोक्ता समुह | ५५६०० | २७८०० | २७८०० |
| ३ | बारपाखे सामुदायिक वन उपभोक्ता समुह | ५५६०० | २७८०० | २७८०० |
| ४ | ज्वालावान छहरा सुन्लेक सामुदायिक वन उपभोक्ता समुह | ५५६०० | २७८०० | २७८०० |
| ५ | सयपत्री बाखापालन कृषक समुह | ५५६०० | २७८०० | २७८०० |
| जम्मा | | | | १३९००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९,००० |

१४ **कृषि तथा पशुपन्छी अनुदान वितरण**

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को बुँदा ४ (ङ) मा स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा कृषि सामग्री र मेसिनरीको हकमा अनुदानको सीमा ५० प्रतिशत हुने व्यवस्था छ। पालिकाको आर्थिक ऐन,२०८१ को भाग १, अनुसूची -१४ मा सिजनल विउ विजन प्रति पटकको लागि रू.२० दररेट निर्धारण गरी सोही बमोजिम विउ किट वितरण गरेको देखियो। पालिकाले कार्यविधि बमोजिम आर्थिक ऐन नबाझिने गरी जारी गरी कार्यान्वयन गर्नुपर्दछ।

| क्र.सं. | गो.भौ.नं.-मिति | कार्यक्रमको नाम | खरिद गरिएको फर्मको नाम | रकम |
|---|---|---|---|---|
| १ | १२६-२०८१।८।४ | सिजन अनुसारका तरकारी उन्नत सिड किट वितरण | किसान एग्रोभेट सेन्टर | १४९३५६ |
| २ | ३९४-२०८१।११।२७ | सिजन अनुसारका तरकारी उन्नत सिड किट वितरण | किसान एग्रोभेट सेन्टर | १४९९९४ |
| ३ | ७०७-२०८२।३।३ | सिजन अनुसारका तरकारी उन्नत सिड किट वितरण | सरस्वती एग्रो सेन्टर | १५०००० |
| जम्मा | | | | ४४९३५० |

१५ **युवा उद्यमी प्रोत्साहन कार्यक्रम**

युवा उद्यममी प्रोत्सानका लागि अनुदान कार्यविधि, २०७९ को बुँदा ४ (५) मा उद्यमीले अनुदान स्वरुप प्राप्त गरेको रकम मेसिनरी औजारमा कम्तीमा ८० प्रतिशत र बाँकी रकम उद्यमशीलमा सिप विकासमा खर्च गर्नुपर्ने उल्लेख छ साथै बुँदा ८ मा अनुदान उपलब्ध भईसकेपछी उद्योग सञ्चालनको अवस्था बारे समय समयमा अनुगमन तथा निरीक्षण गर्ने दायित्व कार्यालयको हुने व्यवस्था छ। उद्यमीहरुले अनुदान प्राप्त रकमबाट १०० प्रतिशत नै मेसिनरी औजारमा रकम खर्च गरेको देखियो। अनुदान प्राप्त गर्ने उद्यमीले सम्झौता बमोजिमको कार्यक्रम सञ्चालन गरेको मासिक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने उल्लेख भएपनि प्रतिवेदन पेश गरेको देखिएन र कार्यालयबाट पनि समय समयमा अनुगम तथा निरीक्षण गरेको देखिएन। पालिकाले मुल्याङ्कन नै नगरि देहायका उद्यमीहरुलाई अनुदानका लागि छनौट गरेकोमा उक्त अनुदान कार्यक्रमबाट के कति रोजगारि सृजना तथा स्थानीय उत्पादनको विकास र विस्तार भएको प्रतिवेदन उद्यमीहरुले पालिकामा पेश गर्नुपर्दछ।

| क्र.सं. | गो.भौ.नं. | नाम | रकम |
|---|---|---|---|
| १ | ७९५-२०८२।३।१३ | पिनाकेश्वर चाउमिन उद्योग | १००००० |
| २ | ७९६-२०८२।३।१३ | विष्णु लक्ष्मी अटो वर्कसप | १००००० |
| ३ | ८५९-२०८२।३।१७ | दाजुभाई ग्रिल उद्योग | ५०००० |
| ४ | ८६२-२०८२।३।१७ | वास टु सेन्टर | ५०००० |
| ५ | ८७८-२०८२।३।१७ | रिता कृषि तथा पशुपन्छी फर्म | १००००० |
| ६ | १०१७-२-८२।३।२३ | शुभकामना टेक्टायल (कपडा उद्योग) | ९०००० |
| जम्मा | | | ४९०००० |

१६ **शिक्षा तर्फ**

१६.१ तलब बढी भुक्तानीः

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३०,४०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१६.२ अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले

विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन सक्ने नदेखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

### १६.३ पालिका करार शिक्षक तलब

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान नगरि शिक्षक नियुक्ति गरी समानिकरण अनुदानबाट २६ जना शिक्षक(बाल विकास सहजकर्ता समेत)लाई रु. 7193530 तलब भत्ता भुक्तानी गरेको पाइयो।पालिकाले उपलब्ध गराएको विवरण तपसिलमा उल्ललेख छ।यसरी कानुनी व्यवास्था र मापदण्ड विपरीत शिक्षक नियुक्ति गर्ने कार्यले पालिकाको आर्थिक दायित्व बढ्दै जान्छ।तसर्थ O&M Survey गरी आवश्यक शिक्षक दरबन्दी निर्धारण गर्नुपर्छ।पालिकाले शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरी विद्यार्थी चाप बढी भएको विद्यालयमा शिक्षक दरबन्दी मिलान गरी विद्यालय मर्ज वा अन्य उपयुक्त व्यवस्था गरी भविष्यमा थपिने आर्थिक दायित्व रोक्न तथा विद्यालयको शैक्षिक गुणस्तर कायम राख्ने तर्फ ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १६.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### १६.४ शैक्षिक गुणस्तर

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

### १६.५ सामुदायिक सिकाई केन्द्र

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पूरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. ३०००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालन वापत निम्न सिकाई केन्द्रलाई संचालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन तयार गरी सो अनुसार कार्य सम्पादनमा पालिकाले सुधार गर्नुपर्छ।

| क्र स | सिकाई केन्द्रको नाम | रकम रु. |
|---|---|---|
| १ | श्री घण्टेश्वर सामुदायिक सिकाइ केन्द्र | ३००००० |
| २ | श्री छतिवन सामुदायिक सिकाइ केन्द्र | ३००००० |
| ३ | श्री सरस्वतीनगर सामुदायिक सिकाइ केन्द्र | ३००००० |
| ४ | श्री भागेश्वर सामुदायिक सिकाइ केन्द्र | ३००००० |
| ५ | श्री लक्ष्मीनगर सामुदायिक सिकाइ केन्द्र | ३००००० |

१६.६ IEMIS अद्यावधिक

शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, नि:शुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। IEMIS अद्यावधिक नहुँदा छात्रवृत्ति तथा पाठ्यपुस्कत वितरण लगायतका गतिविधि सञ्चालन गर्ने यथार्थ संख्या प्राप्त हुन नसक्ने र खर्चको मितव्ययीता र प्रभावकरीता बढाउन नसकिने हुन्छ। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६.७ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने तथा दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। नमूना परीक्षणका क्रममा उपलब्ध विवरण अनुसार पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि वितरण गर्न पालिकाले सामूदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकबाट E-bidding मार्फत डि एण्ड जि ट्रेड अडर सप्लायर्सलाई गो भौ नं ७६ मिति २०८१।९।११ बाट २२५०८ थान स्यानिटरी प्याड प्रति पिस रु ५२।१० का दरले रु. १५०९९९७।०० ( मु अ कर सहित) भुक्तानी गरेको देखिन्छ।पालिकाले उक्त स्यानिटरी प्याड खरिद गर्दा छनौट गरेको डि एण्ड जि ट्रेड अडर सप्लायर्सको PAN (६१७३८४५६०)दर्ता प्रमाणपत्र तथा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढीबाट जारी प्राइभेट फर्म दर्ताको प्रमाणपत्रबाट स्यानिटरी प्याड खरिद विक्री तथा सप्लाईको अनुमति प्राप्त भएको मान्न सकिएन।स्यानिटरी प्याड खरिद विक्रीको अनुमति प्राप्त भएको देखिने प्रमाण पेश संलग्न गरी खरिद प्रक्रियालाई विश्वासिलो, पारदर्शी र प्रतिस्पर्धी बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

१६.८ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।नमूना परीक्षणका क्रममा पालिकाले उपलब्ध गराएको विवरण अनुसार तपसिलका विभिन्न तहका ५५ वटा सामुदायिक विद्यालयमा (स्थायी, राहत, संघीय अनुदान समेत) २४४ शिक्षक दरवन्दी रहेकोमा पूर्ण रूपमा शिक्षकको पदपूर्ति रहेको छ।साथै २६ जना शिक्षक निजी स्रोतमा नियुक्ति गरेको देखिन्छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने

व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित ५५ वटा सामुदायिक विद्यालयमा ४९५५ जना विद्यार्थी अध्ययनरत रहेका छन।नियमानुसार पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउन र शैक्षिक गुणस्तर सुधार हुने गरी शिक्षक विद्यार्थी अनुपात समेत मिल्ने गरी शिक्षक व्यवस्थापनमा जोड दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १६.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१६.९ अनुदानको अनुगमनः

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ।नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार रू. २६०५१८३८ अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र स | विद्यालयलाई अनुदान | विद्यालय संख्या | रकम |
|---|---|---|---|
| १ | पालिका करार शिक्षक अनुदान | २६ | ७१,९३,५३ |
| २ | एकमुष्ठ अनुदान | ३ | ३०,००,००० |
| ३ | दिवा खाजा खर्च अनुदान | ५५ | ७४,०५,३६० |
| ४ | कार्य सम्पादनमा आधारित अनुदान | २ | ५,००,००० |
| ५ | ईण्टरनेट जडान शुल्क अनुदान | ५५ | ७,८४,००० |
| ६ | छात्रवृत्ति अनुदान | ५५ | ६,३७,२०० |
| ७ | निशुल्क पाठ्यपुस्तक अनुदान | ५५ | ३७,७२,७४८ |
| ८ | शिकाई केन्द्र अनुदान | ५ | १५,००,००० |
| ९ | वाल विकास पिसिएफ अनुदान | ६४ | ३,८४,००० |
| १० | विद्यालय मसलन्द खर्च अनुदान | | ९,७५,००० |
| जम्मा | | | २६०५१८३८ |

१६.१० शिक्षक विद्यार्थी अनुपातः

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ५५ सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात अनुसूचिमा

उल्लेख रहेको छ।अनुसुचिमा उल्लेखित तालिका अनुसार काफलेश्वर आधारभूत विद्यालमा शिक्षक विद्यार्थी अनुपात न्यून ६ रहेको छ। यस पालिकामा रहेका विद्यालयमध्ये शिक्षक विद्यार्थी अनुपात ६ देखि ३६ सम्म रहेको छ भने औषतमा शिक्षक विद्यार्थी अनुपात १८ रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखिन्छ। अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यानदिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १६.१० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१६.११ छात्रवृत्ति

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नु पर्ने व्यवस्था छ। पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार यो वर्ष विद्यार्थी संख्याको सत्यापन नगराई निम्नानुसार ५५ विद्यालयहरुलाई छात्रवृत्ति वापतको रू. ६३७२००।०० निकासा गरेको छ।सत्यापन नगराई वितरण गरिएको रकम वास्तविक विद्यार्थीले प्राप्त गरे नगरेको यकीन गर्न सकिएन। तसर्थ पालिकाले छात्रवत्ति वितरण गर्दा सत्यापन गर्नुपर्छ।साथै रकमको यथार्थ उपयोग भए नभएको सम्बन्धमा वास्तविक विवरण सहितको अभिलेख गर्ने तथा आवश्यक अनुगमन समेत गर्नुपर्दछ।विवरण अनुसूचिमा उल्लेख छ।

**(विस्तृत विवरण बेरूजु दफा १६.११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १७ **शिक्षा तथा स्वास्थ्य**

१७.१ कडा रोग उपचार खर्च

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँको दरले तोकिएका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ। त्यसैगरी बुदाँ नं. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नसक्ने व्यवस्था छ। पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार गो भौ नं ७७, २०८१।९।१२ बाट रू २७००००।००, गो भौ नं २८, २०८२।३।२४ बाट रू ३१५०००।०० गरी रू ५८५०००।०० खर्च लेखेको छ।क्लोज फलो अप संलग्न नगरी क्यान्सर रोगीको लागि ४१५०००।०० भुक्तानी गरेको देखिन्छ। क्लोज फलो अप भएको प्रमाण श्रेस्तासाथ अद्यावधिक गउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१७.२ पुस्तकालय व्यवस्थापनः

शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ को क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.१ मा (विद्यालय पुस्तकालय,

विज्ञान प्रयोगशाला तथा ICT व्यवस्थापन) स्थापना गर्न रू. ६५०००० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले तपसिलका ३ वटा विद्यालय पुस्तकालय तथा ICT व्यवस्थापनको लागि रू. १९५००००।०० निकासा भुक्तानी दिएकोमा विद्यालयले विद्यालय पुस्तकालयमा पर्याप्त पुस्तको व्यवस्था गरेको देखिएन। बालबालिकाको बौद्धिक विकासका लागि आवश्यक पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको व्यवस्था गर्न ध्यान दिनुपर्छ।

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रम | निकासा रकम रु. |
|---|---|---|---|
| १ | श्री जनता आ.वि. जो.गा.पा.-१ गोगनपानी डोटी । | विदयालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताव खरिद तथा इ-पुस्तकालय समेत) | ६,५०,००० ०० |
| २ | श्री वेताल आ.वि. जो.गा.पा.-४ बिनोडा डोटी । | विदयालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताव खरिद तथा इ-पुस्तकालय समेत) | ६,५०,००० ०० |
| ३ | श्री अन्वाडीआ.वि.जो.गा.पा.-६ डाडागाँउ डोटी । | विदयालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ, किताव खरिद तथा इ-पुस्तकालय समेत) | ६,५०,००० ००० |
| | जम्मा | | १९५०००० ०० |

१७.३ दिवा खाजा

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा दिवा खाजाको लागि स्थानीय तहले विद्यालयलाई रकम निकासा गर्दा पहिलो त्रैमासिकको लागि प्रति विद्यार्थी वार्षिक १८० दिन उपस्थित हुने आधारमा रकम निकासा गर्ने र दोस्रो त्रैमासिक देखि भौतिक रुपमा पूरा समय चलेको दिन(परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र वि व्य स अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भई अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित भएपश्चात मात्र थप रकम निकासा गर्नुपर्ने व्यवस्था छ।नमूना परीक्षणका क्रममा पालिकाले उपलब्ध गराएको विवरण अनुसार EMIS को विद्यार्थी संख्या तथा भौतिक रूपमा उपस्थित विद्यार्थी संख्या यकिन गरी अभलेख राखेको देखिएन। तसर्थ पालिकाले दिवा खाजामा भौतिक रूपमा उपस्थित विद्यार्थीको विवरण यकिन गरी खर्चको वास्तविक विवरण अभिलेखिकरण गर्नुपर्दछ।

| विद्यालयको दिवा खाजा निकासा विवरण | | | | |
|---|---|---|---|---|
| गो.भौ.नं. | मिति | महिना | रकम रू | कैफियत |
| ५८ | २०८१।८।१७ | श्रावण-कार्तिक | १३३१४०० | |
| ११९ | २०८१।११।२१ | मंसिर-माघ | २५७३६५५ | |
| १७० | २०८२।१।५ | फागुन-चैत्र | ११३८६३५ | |
| २६६ | २०८२।३।१६ | बैसाख-असार | २२९६४८५ | |
| २९३ | २०८२।३।२० | छुट रकम | ६४१८५ | |
| जम्मा | | | ७४०४३६० | |

१७.४ छात्रवृत्ति सहायता सार्वजनिकिकरण

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँच सय जनासम्म, पाँच सय देखि आठ सय जनासम्म र आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| क्रं सं | विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | हिमालयन उग्रतारा ईङ्गलिस बोर्डिङ स्कूल | कक्षा नर्सरी देखि ८ सम्म |
| २ | प्यारागन ईङ्गलिस बोर्डिङ स्कूल | कक्षा नर्सरी देखि ५ सम्म |
| ३ | द राइजिङ ल्याण्ड ईङ्गलिस बोर्डिङ स्कूल | कक्षा नर्सरी देखि ८ सम्म |
| ४ | सरस्वती एकेडेमी | कक्षा नर्सरी देखि ३ सम्म |

१७.५ स्वास्थ्य स्वयं सेविकाको यातायात खर्चः

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य कार्यक्रम मार्गदर्शनको बजेट उपशीर्षक नं ३७००१११६ नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रमको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लागि यातायात खर्च शीर्षकमा महिला सामुदायिक स्वयंसेविकाले आमा समूहको बैठकमा सो विषयमा छलफल गरेको बैठकको माइन्यूट वा अभिलेखमा प्रमाणित गरेपछि मात्र यातायात खर्च वितरण गर्नपर्ने व्यवस्था छ।नमूना परीक्षणका क्रममा उपलब्ध विवरण अनुसार पालिकाले गो भौ नं २८०( २०८२।३।१६)बाट रू ९३८०००। ०० यातायात खर्च भुक्तानी गरेको छ।सो भुक्तानी गर्दा पालिकाले मार्गदर्शन अनुरूप बैठकको माइन्यूटको वा अभिलेखमा प्रमाणित गरेको कागजात संलग्न गरेको देखिएन। पालिकाले मार्गदकोर्शन व्यवस्था पालनामा जोड दिनुपर्छ।

१७.६ खरिद योजनाः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लेखित गो भौ नं र मितिमा आयर्वेदिक औषधी खरिद गरेको छ। पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार यस वर्ष पटक पटक गरी रू ३९२५६४।०० को औषधि खरिद योजना नबनाई खरिद गरेको देखिन्छ।यसरी औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यकता पहिचान र खरिद योजना तर्जुमा गरेको देखिएन। नियमावलीको व्यवस्था अवलम्बन नगरी खरिद कार्य गर्दा आवश्यकता भन्दा बढी वा कमि खरिद हुनसक्ने, खरिद प्रक्रिया पारदर्शी नहुने जोखिम रहन्छ। तसर्थ पालिकाले वार्षिक खरिद योजना बनाएर मात्र खरिद गर्नुपर्दछ।

| गो भौ नं | मिति | बिल नं र मिति | सप्लायर्सको नाम | खर्च रू | |
|---|---|---|---|---|---|
| २३६ | २०८२।३।११ | ६०(२०८२।३।४) | पञ्चकल्या आयु फर्मा | ४९७६४ | |
| २३५ | २०८२।३।११ | ६४(२०८२।३।४) | पञ्चकल्या आयु फर्मा | ५०००० | |
| २३४ | २०८२।३।११ | ५८(२०८२।३।४) | पञ्चकल्या आयु फर्मा | ९६५१८ | |
| ६१ | २०८१।८।२५ | १२१३(२०८१।८।१७) | ओजस आयुर्वेद फार्मेशी | १९६२८२ | |
| | जम्मा रू | | | ३९२५६४ | |

१७.७ औषधि खरिद तथा अभिलेख व्यवस्थापन

आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधि Self life को कम्तिमा ३/४ भाग अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ।पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार यस वर्ष औषधि खरिदमा कर बाहेक रू ३२५२१५५।०० खर्च गरेको देखिन्छ। आपूर्ति हुने औषधि तथा औषधिजन्य सामग्रीमा उल्लेख गर्नुपर्ने सूचना पूर्णरुपमा उल्लेख गरेको अभिलेखमा देखिएन।औषधिको खरिदमा औषधिको self life को कम्तिमा ३/४ भाग हुनुपर्नेमा सो सम्बन्धि विवरण अभिलेबाट प्राप्त गर्न सकिएन।तसर्थ औषधि खरिद गर्दा पालिकाले न्यूनतम मापदण्डको पालना नगरेको देखिन्छ।साथै औषधि खरिद भै सकेपछि प्राप्त औषधिको सम्बन्धमा विज्ञ सहितले आवश्यक निरीक्षण गरी एकिन गरेको भन्ने अभिलेख समेत देखिएन।अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई नियमित र व्यवस्थित बनाउनुपर्दछ। साथै खरिद गरिएका औषधी निर्धारित म्यादको नहुँदा जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावप्रति पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

## १८ **कृषि तथा पशुपन्छी**

१८.१ अनुदानको उपयोगः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ७३(६)ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। पालिकाले विपन्न वर्ग लक्षित (एकल महिला दलित जनजाति तथा अन्य) शीर्षकमा ब उ शी नं ८०७७१५०३००१, गो भौ नं ७५९(२०८२।३।११) बाट रू २०४०००, गो भौ नं ७५८(२०८२।३।११) बाट रू ९६०००।००, गो भौ नं ८४८(२०८२।३।१७) बाट रू ७२००० र गो भौ नं ८४९(२०८२।३।१७) बाट रू २२८००० गरी रू ६०००००।०० भुक्तानी गरेको देखिन्छ। पालिकाले उक्त रकम किसानलाई प्रति किसान रू १२०००।०० को दरमा नगद नै उपलब्ध गराएको र किसानले बाख्रा खरिद गरी बिल पेश गरेको देखिन्छ। उक्त बाख्रा खरिद गरेको फर्म अनुबांशिकी स्रोत केन्द्र भएको र खरिद गरिएको बाख्रा प्रजनन क्षमतायुक्त एकिन हुन सकिएन। पालिकाले बाख्रा खरिदमा अनुदान दिएको रकमको एकीकृत अभिलेख नराखेको, अनुदान उपयोगको अवस्थाको निरन्तर अनुगमन नगरेको तथा अनुदानग्राहीको नामावली सार्वजनिक गरेको देखिएन। अनुदानको उच्चतम उपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

१८.२ सार्वजनिक सुनुवाई तथा फोटोः

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुँदा ४.१.१३ मा अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था, आयोजना तथा कार्यक्रम सूचनापाटी राख्नुपर्ने, सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको

विकास गर्नुपर्ने तथा त्रैमासिक रूपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले विभिन्न कृषि समूह (जस्तै शालीग्राम कृषि तथा पशुपन्छी फर्मलाई गो भौ नं २८७ मिति २०८२।३।१८ मा रू १०००००।००, गो भौ नं २४२ मिति २०८२।३।१३ मा हरियाली कृषक समूहलाई रू २२७७९५।०० भुक्तानी गरेको) लाई भुक्तानी दिएको छ।भुक्तानी दिने क्रममा आयोजनाको आय व्ययको सार्वजनिक सुनुवाई, आयोजना कार्यान्वियन पूर्वको, कार्यान्वियन अवस्थाको र कार्यान्वियन पश्चातको अवस्था खुल्ने फोटो एवम् कार्य प्रभावकरिताको अनुगमन तथा मूल्यांकन गरेको देखिएन।तसर्थ पालिकाले उक्त विषयमा ध्यान दिनुपर्दछ।

१८.३ करार नियुक्तिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ८३ मा संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकाको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। पालिकामा ३७ जना स्वास्थ्यकर्मी तथा कर्मचारीको स्थायी दरबन्दी रहेकोकमा ३५ जना पदपूर्ति रहेको छ। नमूना परिक्षणका क्रममा पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले O&M survey नगरी ५४ जना स्वाथ्यकर्मी तथा कर्मचारी नियुक्ति गरी रू १४०८५४१९।०० तलब भत्ता भुक्तानी गरेको देखिन्छ।संगठन संरचना निर्धारण नगरी करारमा कर्मचारी भर्ना र खर्च गर्दा सार्वजनिक स्रोतको दुरुपयोग बढ्ने जोखिम रहन्छ। तसर्थ पालिकाले आवश्यक दरबन्दी यकिन गरी योग्यता प्रणालीका आधारमा कर्मचारी नियुक्त गर्ने पद्धतिको अवलम्बनमा जोड दिनुपर्छ।

**(विस्तृत विवरण बेरूजु दफा १८.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१८.४ खरिदमा प्रतिस्पर्धा प्रवर्द्धनः

सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ बुँदा १५ मा अनुगमन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था, आयोजना तथा कार्यक्रम सूचनापाटी राख्नुपर्ने, सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने तथा त्रैमासिक रूपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को २ मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ।पालिकाले एक पालिका एक नमुना नगदेवाली प्रवर्द्धनको लागि कृषि र सिंचाई सहकार्य कार्यक्रममा विभिन्न कृषि समूह (गो.भौ.नं. २६ मिति २०८२।३।२२ मा ज्वालादेवी बिउ उत्पादन कृषि समूहलाई रू २११७३३, गो.भौ.नं. २५ मिति २०८२।३।२२ बाट चन्द्रा कृषि तथा पशुपन्छि फर्मलाई रू १९०८०९) लाई अनुदान दिएको छ।कृषि समूहरूले सामग्री तथा वस्तु खरिद गर्दा प्रतिस्पर्धा मार्फत खरिद गरेको देखिने कागजपत्र संलग्न गरेको देखिएन।पालिकाले कृषि समूहले खरिद सामग्रीको बिल भरपाई संलग्न गरेकै आधारमा भुक्तानी दिएको देखिन्छ। तसर्थ पालिकाले अनुदान दिँदा खरिद प्रक्रियामा प्रतिस्पर्धा हुने सुनिश्चित गरेर मात्र अनुदान दिने व्यवस्था मिलाई अनुदानग्राहीको नामावली सार्वजनिकीकरण गर्नुपर्दछ।

१८.५ किसान सूचीकरण

किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा ७ मा किसान सूचीकरणको अभिलेख प्रमाणिकरण सम्बन्धित स्थानीय समिति मार्फत हुने व्यवस्था छ।गो भौ नं १४३/ २०८१।१२।१५ बाट उक्त काममा रू ३ लाख रकम खर्च भएको देखिन्छ।उल्लेखित खर्च गरी सञ्चालित कार्यक्रम अनुसार पालिकाबाट सूचीकरण गरिएका किसानको वडा समितिबाट अभिलेख प्रमाणिकरण भएको देखिएन। कुन आर्थिक वर्षमा कति किसान सूचीकरण भए भन्ने स्पष्ट अभिलेख रहेको देखिएन। तसर्थ पालिकाबाट सूचीकृत किसानको वडा समितबाट अभिलेख प्रमाणिकरण गरी प्रत्येक आर्थिक वर्ष अनुसारको सूचीकृत किसानको विवरण स्पष्ट देखिने गरी अभिलेख राख्नुपर्दछ।

१८.६ हाजिरी तथा फोटोः

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका(संशोधनसहित),२०७५ को बुँदा नं २७ मा रोजगारीको दिनका आधरामा मासिक रूपमा पारिश्रमिक भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले गो भौ नं २२१, २०८२।३।८, गो भौ नं २२२,२०८२।३।९, गो भौ नं

२४१, २०८२।३।१३, गो भौ नं २४३, २०८२।३।१३ , गो भौ नं २०८, २०८२।३।३, गो भौ नं २२७, २०८२।३।११ बाट रू ५०,१०,०००।०० खर्च लेखेको छ।उक्त रकम भुक्तानी गर्दा सक्कल हस्ताक्षर गरेको हाजिरी विवरण संलग्न गर्नुपर्नेमा P अक्षरले उल्लेख गरेको छ। वास्तविक हस्ताक्षर र योजना लागु हुनु पूर्व, योजना कार्यान्वियनको चरण र कार्य सम्पन्न पश्चातको अवस्था खुल्ने पर्याप्त फोटो संलग्न गरेको देखिदैन।पालिकाले योजना कार्यान्वयको पूर्व चरण, कार्यान्वयन चरण र सम्पन्न पश्चातको फोटोहरू र सक्कल हस्ताक्षर गरेको हाजिरी संलग्न गरी भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ।

## १९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

१९.१ बेरोजगारको प्राथामिकिकरणः

स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथामिकीकरण गरी प्राथामिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्राथामिकीकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार प्रदान गरेको छैन। साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वियन भएको पाइएन।यसले कार्यक्रमको लक्ष्य हासिल हुन सक्दैन। तसर्थ पालिकाले कार्यक्रमको लक्ष्य हासिल हुने गरी निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना गर्नुपर्दछ।

१९.२ व्यवस्थाको पालना:

प्रधानमन्त्री रोजगार कार्यक्रम (सञ्चालन तथा निर्देशिका) २०७५ दफा ७३ को ४ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालित कार्यक्रमको गाउँपालिकाले चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट सञ्चालित उक्त कार्यक्रमको माथि उल्लेखित व्यवस्था अनुसार कार्य समीक्षा गरी प्रतिवेदन सार्वजनकि गरेको अभिलेखबाट देखिएन। कार्यक्रमहरूको लागत र उपलब्धीको सम्बन्धमा पारदर्शिता जवाफदेहिता र प्रभावकारीता अभिवृद्धि गर्न निर्देशिकाको व्यवस्थाको परिपालना प्रभावकारी रूपमा गर्नुपर्दछ।

१९.३ प्रधानमन्त्री रोजगार कार्यक्रम र दिगो रोजगारी

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पूर्ण पालना गरेको देखिएन। खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएका छन्। साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन। यस कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुमा विद्यालय पूर्चावरा, बाटो, खानेपानी, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७५ जनालाई रोजगारी उपलव्ध गराई रु. ५०,१०,०००।०० खर्च गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत पालिकामा सञ्चालन भएका आयोजनाको विवरण अनुसूचीमा उल्लेख गरिएको छ। लक्षित वर्गलाई औषत १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको

दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन।साथै प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको बुँदा १२ मा अनुगमन मूल्यांकन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुने उल्लेख छ। यद्यपी उक्त व्यवस्था अनुसार पालिकाले अनुगमन मूल्यांकन र प्रतिवेदन गरेको अभिलेख देखिएन।तसर्थ पालिकाले कार्यक्रमको लक्ष्य अनुसार खर्च गर्न र सो को प्रभावकारीता अभिवृद्धि गर्न कार्यविधिले निर्धारण गरेको आफ्नो भूमिका निर्वाह गर्नमा ध्यान दिनुपर्छ।साथै कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को बुँदा नं २० मा स्थनीय तहले बरोजगार सूचिकरणको विवरण श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनुपर्ने व्यवस्था छ। पालिकाले सार्वजनिक परीक्षण गरेको देखिदैन। उक्त व्यवस्थाको कार्यान्वयनका लागि पालिकाले जोड दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २० सामाजिक सुरक्षातर्फ

२०.१ सामाजिक सुरक्षा भत्ताको विवरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ मा ६वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण ईएफटी (Electronic Fund Transfer) बाट गरिएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको System बाट दिइएको विवरण निम्नानुसार रहेको छ।

| वडा न | सेवा ग्राहि | पहिलो किस्ता | सेवा ग्राहि | दोर्सो किस्ता | सेवा ग्राही | तेर्सो किस्ता | सेवा ग्राहि | चौथो किस्ता | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४५६ | २४८७१५६।०० | ४६० | २५४६१८१।०० | ४६० | २५६०१३४।०० | ४५५ | 2574022.00 | १०१६७४९३ |
| २ | ६९७ | ४२७७२४८।०० | ७०७ | ४३५७०८१।०० | ७०२ | ३३८८६१४।०० | ६८४ | 4332199 | १७३५५१४२ |
| ३ | ५७९ | ३८२१११३।०० | ५९१ | ३८६५४४६।०० | ४७८ | ३८४२१९६।०० | ५७६ | 3836030 | १५३६४७८५ |
| ४ | ८५९ | ४८८४४३६।०० | ८६५ | ४९६८१०९।०० | ८६४ | ४९२१९९१।०० | ८४९ | 4951518 | १९७२६०५४ |
| ५ | ४८१ | ३२५९५३६।०० | ४८५ | ३२७५१९७।०० | ४८४ | ३२७०५८६।०० | ४७५ | 3297946 | १३१०३२६५ |
| ६ | ४४६ | २५०८४४३।०० | ४५१ | ३५२२६४५।०० | ४५४ | २५१६००२।०० | ४४५ | 2515519 | १००६२६०९ |
| जम्मा | ३५१८ | 21237932।०० | ३५५९ | २१५३४६५९ | ३५४२ | २१४९९५२३ | ३४८४ | २१५०७२३४ | ८५७७९३४८ |
| ईएफटी गरी पुनः थप | | | | | | | | १२६५८।४५ | ८५७६८००६।४५ |

२०.२ निरीक्षण तथा अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। पालिकाले कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्दछ।

## २१ कार्य सम्पादन

२१.१ **सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलनः** सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिमको तोकिएका सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यस सम्बन्धमा प्रभावकारी कार्य सम्पादन गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्न छन ।

- सूचना अधिकारी तोकेको ।
- सूचना वर्गीकरण र अद्यावधिक नगरेको ।
- तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित गरेको ।
- कार्यालयको वेवसाइट रहेको ।
- कार्यालयसँग माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख नराखेको ।

उल्लिखित ब्यहोरालाई ध्यान दिई सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलनमा सहजीकरण र नागरिकमैत्री बनाउनुपर्दछ ।

यसवाहेक गाउँ कार्यपालिकाको २०८१।९।२७ को निर्णयले छहरा वहुमुखी क्याम्पसको अगाडि पर्खाल निर्माणका लागि सभाबाट विनियोजित रु ४ लाख वडा २ मा रहेको रामपुर माध्यमिक विद्यालयमा विशेष शिक्षा आवासीय ब्यवस्थापनमा रकमान्तर गरेको छ । संचालनमा नरहेको क्याम्पसमा वजेट विनियोजन गर्दा गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

२१.२ (३१३-2082-03-22):

**खर्च प्रभावकारिताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्चको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले संघीय सरकार हस्तान्तरित चालु वजेट (वहु'क्षेत्रीय पोषण कार्यक्रम) बाट देहाय अनुसार वडा नं ४ का सुनौला हजार दिनका २८ आमाहरुलाई आय आर्जन गर्न रु २५०००।०० का दरले नगद अनुदान उपलव्ध गराएको छ । गाउँपालिकाले वितरित अनुदानको उपयोग अवस्था निरन्तर अनुगमन तथा एकीन गरी खर्चको प्रभावकारिता सुनिश्चित गर्नुपर्दछ ।

| खर्चको विवरण | खर्च रु |
|---|---|
| वडा नं ४ लालीगुराँस आमा समुहका सुनौला १००० दिनका २८ महिलालाई रु २४६२५।०० का दर (१.५ प्रतिशत अग्रीम कर कट्टि गरी) ले बाख्रापालन (माउ बाख्रा २, क्रस पाठी १ लगायत खरिद गरेको विल संलग्न गरी) आयआर्जन गर्न कृषि विकास वैंक मार्फत नगद भुक्तानी । | ७०००००।०० |

२१.३ **कम नक्सापास दस्तुरः** गाउँपालिकाको आर्थिक ऐन २०८१ को दफा १३ अनुसुची १४ को थप ब्याख्यामा आवासीय र ब्यापारिक भवन निर्माण गर्दा नक्सापास दस्तुर प्रति तल्ला थप गर्दा भूईतल्लाको दरमा रु ६।०० का दरले वृद्धि गर्दै जाने उल्लेख छ । गाउँपालिकाले वडा नं ४ का तिलक वहादुर ओलीको कित्ता नम्बर १६२० मा कुल २४९३.५९ बर्ग फिटको रु ७।०० का दरले मिति २०८२।२।२९ मा रु १७४५५।१३ संकलन गरेको छ । ऐनमा भएको ब्यवस्था भन्दा देहाय अनुसार रु १५२०६।०० घटि संकलन गरेको देखिएको छ । छलफलका क्रममा ऐनमा नक्सापास सम्बन्धी दस्तुरमा भुलवस संशोधन गर्न छुट भएको गाउँपालिकाले जनाएको छ । उक्त रकम तिलक वहादुर ओलीबाट असुल गर्नुपर्ने रु

| तल्ला | बर्ग फिट | दर रु | जम्मा रु | संकलन गरेको रु | संकलन गर्न बाँकी रु |
|---|---|---|---|---|---|
| भूई तल्ला | ८०४.११ बर्ग फिट | ७ | ५६२९।०० | | ०।०० |
| पहिलो तल्ला | ८४४.७४ बर्ग फिट | १३ | १०९८२।०० | | ५०६९।०० |
| दोस्रो तल्ला | ८४४.७४ बर्ग फिट | १९ | १६०५०।०० | | १०१३७।०० |
| जम्मा | २४९३.५९ बर्ग फिट | | ३२६६१।०० | १७४५५।१३ | १५२०६।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,२०६ |

२१.४ **अधुरो योजनाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३५ मा कार्यक्रम प्रगतिको समिक्षा गरी प्रगति कम भएको भए सम्बन्धितलाई जिम्मेवार बनाई स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिकरुपमा

तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले ठेक्का नं. ६।०७७।७८ बाट वडा नं. ३ चनकट्टे १५ शैया अस्पताल २०८०।४।१८ भित्र निर्माण सम्पन्न गर्ने गरी रु ११२१५८६३९।८३ (मूअकर र पिएस सहित) मा निर्माण व्यवसायी वराह डेपलपर्स प्रालि कैलाली (साविक राजेन्द्र निर्माण सेवा) सँग मिति २०७८।४।१९ मा संझौंता भएको छ । उक्त अस्पतालको २०८२।८।१२ मा स्थलगत निरीक्षण गर्दा देहाय अनुसार अस्पतालको जग समेत नहाली डोजरले सामान्य सम्याउने काम वाहेक अन्य कार्य गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप बेहोरा निम्न छन ।

क) यो वर्ष खर्च नभएको उक्त कामको लागि उपलव्ध गराएको पेश्की रु १९६८००००।०० को पेश्की जमानतको म्याद सकिएको (नेपाल वंगलादेश बैंक धनगढी शाखाको ३ अगष्ट २०२१ को पेश्की जमानत रु ९८४००००।०० को म्याद २२ मे २०२२ मा सकिएको तथा सोही वैंकको ३ अक्टोबर २०२१ मा जारी पेश्की जमानत रु ९८४००००।०० को म्याद २ जुलाई २०२२ मा सकिएको) ले पेश्की जोखिममा परेको छ । यस सम्बन्धमा आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण प्रतिवेदनको दफा १९.२ मा पेश्की जमानतको म्याद सकिएकोफ जनाई लगती बेरुजू कायम गरिएको छ ।

ख) संझौताको विशेष शर्तको कस्ट कन्ट्रोल सेक्सन बुँदा नं जिसीसी ५७.१ मा संझौतापछि १० प्रतिशत र कार्यप्रगतिको आधारमा थप १० प्रतिशत मोविलाइजेसन पेश्की उपलव्ध गराउने ब्यवस्था छ । गाउँपालिकाले शुरुमा १० प्रतिशत पेश्की उपलव्ध गराएपछि अस्पतालको कार्य प्रगति नहुँदै थप १० प्रतिशत पेश्की उपलव्ध गराएको मनासिब देखिएन ।

ग) निर्माण ब्यवसायीले उक्त कामको प्रगति नगरेका कारण भुक्तानी नलिएको गाउँपालिकाले जनाएको छ । उक्त कामको कार्यसम्पादन जमानत रु २२९७००००।०० को म्याद २ सेप्टेम्वर २०२७ सम्म रहेको देखिन्छ ।

नियमानुसार पेश्की जमानतको म्याद थप नगर्नेलाई जिम्मेवार बनाई पेश्की जमानतको म्याद थप गरी तोकिएको निर्माण कार्य पूरा गर्न ुपर्ने रु





यसवाहेक सोही दिन वडा नं ४ स्थित कार्यालय परिसरको पछाडिपट्टि साविक इलाका आयुर्वेद कार्यालय भवन भत्काई।भत्किई बाँकी रहेका देहायका काठ तथा जस्ताको उपयोग गरेको देखिएन । नियमानुसार मौज्दात सामग्रीको उपयोग गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ ।




२१.५ (१४८-2082-01-07):

**जग्गा खरिदः** जग्गा प्राप्ति ऐन २०३४ अनुसार गाउँपालिकाले जग्गा खरिदमा खर्च गर्न पाउने ब्यवस्था देखिदैंन । गाउँपालिकाले यो वर्ष गाउँपालिका पुँजीगत शीर्षकमा रु २३००००००।०० बजेट विनियोजन गरी सुदूरपश्चिम विश्ववद्यालयको आंगिक क्याम्पस घण्टेश्वर वहुमुखी क्याम्पस वडा नं ४ लाई क्याम्पस भवन निर्माण तथा खेलकुद मैदान र छात्रवास निर्माण गर्न ७ रोपनी जग्गा खरिदमा रु १९२५००००।०० उपलव्ध गराई जग्गा प्राप्तिको लालपुर्जा संलग्न गरेको छ । उक्त जग्गामा यो वर्ष ठेक्का लगाई निर्माण कार्य शुरु भैसकेको छलफलका क्रममा जानकारी प्राप्त भएको छ । यस सम्बन्धमा देहायका ब्यहोरा देखिएका छन ।

क) उक्त जग्गाको न्युनतम मुल्याकन मालपोत कार्यालय डोटीको न्युनतम मुल्यांकन पुस्तिका २०८१।८२ अनुसार प्रतिरोपनी (कृषि सिम क्षेत्रमा पर्ने उक्त जग्गा साविक लक्ष्मीनगर वडा नं ४ हाल जोरायल गाउँपालिका ४) रु ११५०००।०० का दरले रु ८०५०००।०० थैली अंक कायम हुने देखिन्छ ।

ख) निसर्गकर्ता रामसिंह खडकाले मिति २०८१।४।१५ मा जोरायल गाउँपालिका वडा नं ४ मा तिरेको मालपोत रसिद अनुसार साविक कित्ता नम्वर ३४२ को करिब १९.५ रोपनीको रु १९३९८४१।०२ मुल्य कायम गरी नगदी रसिद प्राप्त गरेको देखिन्छ । सो अनुसार खरिद गरेको ७ रोपनी जग्गाको थैली अंक रु ७०००००।०० हुने देखिएको छ ।

ग) उक्त जग्गा प्राप्त गर्दा क्याम्पस प्रमुख शरदकुमार अधिकारीले निसर्गकर्ता रामसिंह खड्कालाई प्रतिरोपनी रु २७५०००।०० का दरले ७ रोपनीको मिति २०८२।५।१७ मा रु १९२५०००।०० नगदै बुझाएको पाइयो ।सो कारोवारमा मालपोत कार्यालय डोटीमा २०८१।४।१७ मा रु ९६२५०।०० पुँजीगत लाभकर तथा रजिष्ट्रेसन दस्तुर रु ४८१२५।०० भुक्तानी गरेको देखिएको छ ।

उक्त जग्गा प्राप्त गर्दा ऐनमा भएको ब्यवस्थाको पालना नगरी खरिद गरेको देखिएको छ । यस सम्बन्धमा गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

२१.६ **नविकरण दस्तुरः** गाउँपालिकाको आर्थिक ऐन २०८१ को दफा ६ अनुसुची ६(४) मा निजी आधारभुत विद्यालयको नविकरण दस्तुर रु ३०००।०० तोकिएको छ । गाउँपालिकामा देहाय अनुसार ४ आधारभुत तहका निजी विद्यालय रहेकोमा बिगतदेखि नै दर्ता।नविकरण नभई संचालनमा रहेको छलफलका क्रममा जानकारी प्राप्त भयो । ऐनमा भएको व्यवस्था अनुसार विगतदेखिको वार्षिक नविकरण दस्तुर गाउँपालिकाले एकीन गरी यो वर्षको उक्त दस्तुर रु १२०००।०० दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | ठेगाना | विद्यार्थी संख्या | आधारभुत । माध्यमिक विद्यालय | संचालनमा आएको मिति | नविकरण दस्तुर रु |
|---|---|---|---|---|---|
| हिमालयन उग्रतारा एजुकेसन एकेडेमी | वडा १ गैरा | २०४ | आधारभुत विद्यालय (१-८) | २०७१।२।८ | ३०००।०० |
| प्यारागन एकेडेमी ई. बो. | वडा १ हिस्सा | १६८ | आधारभुत विद्यालय (१-७) | २०७९।११।१८ | ३०००।०० |
| द राइजिङ ल्याण्ड ई. बो. | वडा २ बुडर | २३३ | आधारभुत विद्यालय (१-८) | २०६२।१२।१९ | ३०००।०० |
| सरस्वती एकेडेमी | वडा ४ क्याम्पसरोड | ७३ | आधारभुत विद्यालय (१-३) | २०६८।१।१ | ३०००।०० |
| जम्मा | | | | | १२०००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००० |

२१.७ **सम्भाव्यता अध्ययन/ डी.पी.आर -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन तयारी लगायतमा यो वर्ष ४ कार्यक्रममा रु. ५७८७७४७।०० खर्च गरेको छ। यसरी सम्भाव्यता अध्ययन/ डी.पी.आर गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता डी.पी.आर तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले पर्याप्त ध्यान पुऱ्याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुऱ्याउनुपर्दछ ।

यो वर्ष गाउँपालिकाले शिवमन्दिर चनकुट्टेलाई पर्यटकीय स्थल बनाउने काममा रु ४९७२००।०० खर्चेर डिपिआर तयार गरेकोमा तयार भएको लागत अनुमान रु २४५९३१९०।८८ अनुसार निर्माण कार्य शुरु भएको देखिएन । तयार भएका डीपीआरको कार्यान्वयन गर्नुपर्दछ ।

२१.८ **क्याम्पसमा खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्चको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने तथा अन्य निकायको मातहत रहेको इकाइमा खर्च गर्न सकिने ब्यवस्था देखिदैंन । गाउँपालिकाले वडा नं ४ मा रहेको सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको घण्टेश्वर वहुमुखी क्याम्पसलाई यो वर्ष गाउँ सभाबाट वजेट स्वीकृत समेत गरी देहाय अनुसारको काममा रु ३९७९४५०।०० खर्च गरेको पाइयो । छलफलका क्रममा गाउँपालिका भित्र रहेको क्याम्पसलाई थप मजवुत र स्नातक तहको पढाईमा जोरायलबासीलाई सहजता पुगोस भनी रकम।मालसामान उपलव्ध गराएको जानकारी गाउँपालिकाले गराएको छ । गाउँपालिकाले यसप्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ । गाउँपालिकाको कार्यक्षेत्र बाहिर गरेको खर्च नियमित गर्नुपर्ने रु....

| सि.नं. | खर्चको विवरण | खर्च रु | कैफियत |
|---|---|---|---|
| १ | ७ रोपनी जग्गा खरिद | १९२५०००।०० | क्याम्पसको खातामा रकम पठाएको । |
| २ | भवन निर्माणको लागि माटो परीक्षण सहित डिपीआर | १९९४४५०।०० | आरटिएस इन्जिनियरिङ कन्सलटेन्सी एण्ड कन्स्ट्रक्सनलाई भुक्तानी । |
| ३ | पुराना फर्निचर | ६००००।०० | गाउँपालिकामा रहेका १ दराज, १ टेवल र १० प्लासटिक कुर्सी । |
| | जम्मा | ३९७९४५०।०० | |

| अनियमित भएको | ३९,७९,४५० |
|---|---|

२२ **राजश्व व्यवस्थापन**

२२.१ **आय ठेक्काः** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार गाउँपालिकाले आन्तरिक आय बढाउनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्ष ढुंगा गिट्टी वालुवाको लागि न्युनतम आय अनुमान रु ३८८४९२७।९१ राखी २ पटक आय ठेक्का (ठेक्का नं ०१।०८१।८२) आह्वान (२०८१।४।९ र २०८१।९।१२) गरेकोमा वोलपत्र प्राप्त नगरेको जनाएको छ । नदीजन्य खनिज पदार्थको आय प्राप्त गर्न तेस्रोपटक ठेक्का आह्वन नगरेको तथा अमानतबाट समेत आन्तरिक आय संकलनार्थ थप प्रयास गरेको देखिएन । गाउँपालिकाले ५ प्याकेज बनाई ठेक्का आह्वान गर्दा समेत आय ठेक्कामा वोलपत्रदाता नभएको छलफलका क्रममा जनाएको छ । ऐनमा भएको ब्यवस्था अनुसार आय ठेक्का मार्फत आन्तरिक आय वढाउन गाउँपालिकाले वस्तुगत पहल गर्नुपर्दछ ।

२२.२ **राजश्वको लेखाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजश्व दाखिला र राजश्वको लेखा एवं नियम ५९ मा राजश्व लेखा अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले प्राप्त गरेको राजश्व ( बेरुजु रु. ७२७०४।००) सेवाग्राही मार्फत सोझै वैंकमा दाखिला गरेतापनि सफ्टवेयर (न्यु रिम्स, newrims.fcgo.gov.np) मार्फत राजश्वको अभिलेख ब्यवस्थापन गर्ने कार्यमा प्रयोगकर्ता तथा सिफारिसकर्ता र स्वीकृतकर्ताको उपयोग नगरी एकै प्रयोगकर्ताले सवै कार्य गरेको तथा राजश्व जम्मा गरी सेवा नलिएकाको अभिलेख राखेको पाइएन । गाउँपालिकाले राजश्व लेखाको गोश्वरा भौचर नउठाएको तथा रकम जम्मा गर्नेको विवरण खुलाएको छैन । राजश्वको श्रेस्ता पूर्णरुपमा राखी सफ्टवेयरमै सेवा लिए नलिएको जनाई तोकिए अनुसार गोश्वरा भौचर उठाई राजश्व लेखाको तयारकर्ता तथा सिफारिसकर्ता र स्वीकृतकर्ताको उपयोग गरी राजश्व लेखा अद्यावधिक गर्नुपर्दछ ।

कार्यालयमा रहेको अभिलेख अनुसार १८ ब्यक्ति।संस्थाबाट रु ३४७९९६।०० बेरुजु शीर्षकमा दाखिला भएको पाइयो । कोष तथा लेखा नियन्त्रक कार्यालय डोटीबाट प्रमाणित भएको आर्थिक वर्ष २०८१।८२ को आर्थिक विवरणमा बेरुजू (राजश्व शीर्षक नं १५१११) रु ७२७०४।०० देखिएको छ । गाउँपालिकामा रहेको राजश्वको अभिलेख र आर्थिक विवरणमा रु २७५२९२।०० फरक देखिएको छ । उक्त रकम आर्थिक विवरणमा समावेश नहुनाका कारण गाउँपालिकाले एकीन गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | २,७५,२९२ |
|---|---|

## २३ **निर्माणतर्फ**

२३.१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२३.२ **बोलपत्रको मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्र दातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ०.०१ प्रतिशत देखि ४१.१९ प्रतिशतसम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिब ५८ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिँदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

| S.N. | Contract No. | Name of project | Name of the Contractor | Estimate Amount with VAT | Contract Amount (with VAT) | Percentage Below |
|---|---|---|---|---|---|---|
| 1 | 03/JRM/ 2081/082 | Administrative Building Boundary Wall Construction Work at Jorayal Rural Municipality Ward No. 3 RautkatteDoti | M.K & Company Dhangadhi-02 Kailali | 3313064.32 | 2429838.88 | 26.66 |
| 2 | 04/JRM/ 2081/082 | Procurement for the Supply and Delivery of Allopathy Drugs | Uniglob Drug Suppliers Dhangadhi-Kailali | 2342994.90 | 2054985.00 | 12.29 |
| 3 | 05/JRM/ 2081/082 | Koteli Khola River Training Works at Jorayal Rural Municipality Ward No. 3 Doti | GM Construction Amargadhi-5 Dadeldhura | 8735999.15 | 5441529.11 | 37.71 |
| 4 | 06/JRM/ 2081/082 | Kumara Khola River Training Works at Jorayal Rural Municipality Ward No. 4 Doti | GM Construction Amargadhi-5 Dadeldhura | 9120000.11 | 5446989.84 | 41.19 |
| 5 | 07/JRM/ 2081/082 | Procurement Supply and Delivery of Sanitary Pad and Pad Disposal Machine | D and G Trade And Suppliers Dhangadhi Kailali | 1759999.91 | 1336302.68 | 24.07 |
| 6 | 08/JRM/ 2081/082 | Construction of Ward No 2 Office Building at Jorayal Rural Municipality Ward No.02 Budar Doti | Bipin Nirman Sewa Aalital-08 Dadeldhura | 5279995.41 | 3331071.37 | 36.91 |
| 7 | 09/JRM/ 2081/082 | Construction of Killauda Ubigad Lift Irrigation Project at Jorayal Rural MunicipalityWard No.01 Doti | T.S.G Construction Company Pvt.Ltd. Panchadewal Binayak-05 Accham | 4345507.25 | 3307072.80 | 23.90 |
| 8 | 10/JRM/ 2081/082 | Construction and Upgrading of Chhahara Jharana Road at Jorayal Rural Municipality Ward No.02 Doti | S.K.-Prithivi JV Kotatulsipur Bardagoriya-01 Kailali | 23040000.00 | 18217409.07 | 20.93 |
| 9 | 11/JRM /2081/082 | “Urban Infrastructure Development Works for the Establishment of a New City (Construction of Side Drain) at Jorayal Rural Municipality-2 Budar Doti” | Madhavi Engineers & Builders Pvt.Ltd Dhangadhi-5 Kailali | 1999459.29 | 1983542.00 | 0.79 |
| 10 | 12/JRM/ 2081/082 | Bajhilekh Guyali RawalGaun Road Maintenance Works at | Labina Construction | 3750000.00 | 3749794.92 | 0.01 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Jorayal Rural Municipality Ward No.-4 Doti | Dhangadhi-5 Kailali | | | |

२३.३ **खरिदमा न्यून प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ। त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारबाही नहुने व्यवस्था छ। यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा ईबिडिङ् मार्फत नै बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो। खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बञ्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानुपर्दछ।

| Name of project | Name of the Contractor | Estimate Amount with VAT | Contract Amount (with VAT) | Percentage Below |
|---|---|---|---|---|
| **Bajhilekh Guyali RawalGaun Road Maintenance Works at Jorayal Rural Municipality Ward No.-4 Doti** | **Labina Construction Dhangadhi-5 Kailali** | **3750000.00** | **3749794.92** | **0.01% (रू. 205)** |
| **"Urban Infrastructure Development Works for the Establishment of a New City (Construction of Side Drain) at Jorayal Rural Municipality-2 Budar Doti"** | **Madhavi Engineers & Builders Pvt.Ltd Dhangadhi-5 Kailali** | **1999459.29** | **1983542.00** | **0.79** |

२३.४ **नर्म्सभन्दा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **८,२६१.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२३.५ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्मस तथा दर रेटलाई आधार लिई लागत अनुमानतयार गर्नु पर्ने व्यवस्था छ। सडक विभागबाट जारी Norms/ Rate of Plant and Machinery for Estimating Guideline मा Excavator को भाडा दर अन्तर्गत Ownership Cost Per hr Rs ६२०, Servicing Cost Per hr Rs १६५, Maintenance Cost Per hr Rs २७५, Fuel Per hr १४.४० Liter, Skilled Labor Per Hr १ लाग्ने उल्लेख छ। जस अनुसार ईन्धन प्रति लिटर रू.१५८.२, तथा Skilled Labour को प्रति दिन ज्याला प्रतिदिन रू.११५० राखेर गणना गर्दा प्रति घण्टा Excavator को भाडा रू.४२२६(अपरेटर समेत) मा प्राप्त हुने देखिन्छ। त्यसै गरी सडक विभागले जारी गरेको Norms for Rate Analysis as per Standard Specification for Road and Bridge works मा Excavator ले प्रति ६ घण्टा सबै प्रकारका ५०० घन मिटर (माटो र सामान्य ढुङ्गा) पहिरो सफा गर्न सक्ने र सोको लागि १ जना दक्ष र ३ जना अदक्ष श्रमिक लाग्ने उल्लेख गरे बाट प्रति घन मिटर रू. ५७.७० लागत लाग्ने देखिन्छ। तपशिल बमोजिमको पहिरो तथा सडक सफा गर्ने कार्यको लागि तोकिएको दर भन्दा बढी दरमा लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।रू.

| गो.भौ.नं. र मिति | निर्माण व्यवसायी/ उपभोक्ता समिति | सब कन्ट्याक्टर | योजना | भुक्तानी भएको परिमाण(घ.मि.) | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | कुलभुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी (जन सहभागिताको अंश बाहेक) | जन सहभागिताको अंश (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५(२०८१।०८।२५) | अनरकट्टे सडक निर्माण उपभोक्ता समिति वडा नं. ६ मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. जोरायल-०२,डोटी | सडक निर्माण | ११८६३.१९ | ७४.२३ | ५७.७ | ६८४ ५०१.१ | ८८० ६०४.६ | १५६८८२.८ | २० |
| जम्मा | | | | | | | | | १५६८८२.८ | |

| असुल गर्नुपर्ने | १,५६,८८२.८ |
|---|---|

२३.६ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (१०) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा Contract Id : **10/JRM/2081/082**बाट**Construction and Upgrading of Chhahara Jharana Road at Jorayal Rural Municipality Ward No.02 Doti** बापत एस.के. पृथ्वी जे.भी.लाई देहाय बमोजिम रनिङ्ग बिल भुक्तानी गर्दा पिएस आइटममा समेत पुन: मु.अ. कर जोडी बढी भुक्तानी गरेको हुँदा सम्बन्धितबाट यकिन गरी असुल हुनुपर्ने रू.

| रनिङ्ग बिल | गो.भौ.नं. | भुक्तानी भएको |
|---|---|---|
| प्रथम | २०४(२०८२।०२।२४)पालिका पुँजीगत | ५५२१०७१.२४ |
| | ६(२०८२।०२।२९)संघीय पुँजीगत | ५५२१०७१ |
| अन्तिम | २७०(२०८२।०३।२०)पालिका पुँजीगत | ३७२०४५६.९४ |
| | ३३(२०८२।०३।२२)संघीय पुँजीगत | ३७२०४५६.९४ |
| | जम्मा भुक्तानी रू. | १८४८३०५६.१२ |
| | हुनुपर्ने भुक्तानी रू. | १८४६१०८५.५७ |
| | बढी भुक्तानी रू. | २१९७०.५५ |

| असुल गर्नुपर्ने | २१,९७०.५५ |
|---|---|

२३.७ **खरिद सम्झौता** - सार्वजनिक खरिद अनुगमन पालिकाबाट जारी गरिएको स्टान्ड्रड बिडिङ डकुमेन्ट अनुसार निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्दछ। पालिकाले यो वर्ष खरिद सम्झौता गरेका सबै ठेक्कामा सार्वजनिक खरिद अनुगमन पालिकाले तयार गरेको स्टान्ड्रड बिडिङ डकुमेन्टको प्रयोग गरेको देखिएन। कतिपय सम्झौतामा विशेष शर्तमा बीमा गर्नुपर्ने प्रोभिजन स्पष्ट नगरिएको, प्रोग्राम अपडेटको व्यवस्था नगरिएको लगायतका व्यवस्थाहरूको पालना नगरिएकोले खरिद सम्झौता गर्दा स्टान्ड्रड बिडिङ डकुमेन्टको अनिवार्य पालना गर्नुपर्दछ।

२३.८ **बीमा नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसारका रू. २० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नुपर्दछ।

| क्र.सं. | योजनाको नाम | सम्बद्द निर्माण व्यवसायी | कूल लागत अनुमान |
|---|---|---|---|
| १ | वार्ड कार्यालय भवन निर्माण वडा नं. २ जोरायल गाउँपालिका डोटी | विपिन निर्माण सेवा | ५२७९९९५ |
| २ | कोटेली खोला तटबन्धन वडा नं. ३ जोरायल गापा डोटी | जि.एम. निर्माण सेवा | ९१००००० |

२३.९ **खर्च पुष्टयाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाटपाइप, सिमेन्ट लगायतका सामग्रीहरु खरिद गरी खर्च लेखेकोमा उक्त सामग्रीको माग विवरण, लागत अनुमान, जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न गरेको छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नाँपजाँच सहितको नापी किताब, माग विवरण, जडान/ प्रयोग फोटो लगायतका खर्च पुष्टी प्रमाण पेश हुनु पर्ने रू.

| गो.भौ.नं. र मिति | सप्लायर्सको नाम | खरिद भएको पाइप विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५४(२०८१।१०।०२) | शिब बाबा इन्टरप्राइजेज | HDP Pipe Procurement PN 16 20mm-4870 meters | १८५०१४ |
| १९५(२०८२।०२।२० पालिका पुँजीगत) | लबिना हार्डवयर एण्ड सप्लायर्स | १) 20mm HDPE पाइप Rm–2275 meters<br>२) 25mm HDPE पाइप Rm– 2100 meters<br>३) 32mm HDPE पाइप Rm– 800 meters<br>४) 63mm HDPE पाइप Rm– 74 meters<br>५) | ३९५३३० |
| २२८(२०८२।०३।०७) | श्री शुभलक्ष्मी हार्डवयर एण्ड सप्लायर्स | १) ४३ ग्रेड PPC सिमेन्ट - ३५ ब्याग<br>२) ग्याबीन जाली (२*१*१) - १९ थान | ९७६४८ |
| जम्मा | | | ६७७९९२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७७,९७२ |

२४ **उपभोक्ता समितितर्फ**

२४.१ **उपभोक्ता समितिबाट निर्माण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले १५४ उपभोक्ता समितबाट रू. ५०५२७५६१।३० बराबरको निर्माण कार्य गरेकोमा उपभोक्ता समितिले व्यहोरेको अंश रु. १०१०५५१२.३ र कार्यालयले व्यहोरेको अंश रू. ४०४२२०४९।०० रहेको देखिन्छ। धेरैजसो उपभोक्ता समितिले नहर निर्माण कार्य, मेशिनरी कार्य, ग्याविनको कार्य तथा भवन निर्माण, कम्पाउन्ड वाल निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेको र उक्त निर्माण कार्य ल्याव परीक्षण नहुने हुदाँ गुणस्तर कायम हुन नसक्ने देखिन्छ। नियमावलीले गरेको व्यवस्था बमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट नगर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२४.२ प्राविधिक बिल र कार्य सम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

२४.३ **लागत सहभागिता -** पालिकाले आयोजना/ कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२४.४ **हेभी इक्विपमेण्टको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर, व्याकहोइ लोडर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

| **गोभौनं./मिति** | **उपभोक्तासमितिकोनाम** | **कामकोविवरण** | **हेभीउपकरणमाभएकोखर्च** |
|---|---|---|---|
| १५(२०८१।०८।२५) | अनरकट्टे सडक निर्माण उपभोक्ता समिति वडा नं. ६ | अनरकट्टे सडक निर्माण | १९१९०२८ |
| १९(२०८१।०९।०७) | डाँडाँ गाउँ सडक निर्माण उ.स. | डाँडाँ गाउँ सडक निर्माण | १४३९९९ |
| २८(२०८१।०९।०९) | ग्वानी सडक निर्माण उ.स. | ग्वानी सडक निर्माण | १४४००० |
| ३५(२०८१।०९।१६) | मडचौला दह सिम्सडा उ.स. वडा नं. ६ | सडक मर्मत र सरसफाई | १९१९८७० |
| ७५(२०८१।११।२०) | नाचन्थली चिरकट्टे सडक निर्माण उ.स. वडा नं. ४ | नाचन्थली चिरकट्टे सडक निर्माण | ३१२००० |
| १२७(२०८१।१२।२७) | वडा स्तरीय सडक सरसफाई उ.स. वडा नं. ५ | सडक सरसफाई | ३८१९५९ |
| १३१(२०८१।१२।२८) | गेराडी खोला नरकुडा सडक नि.उ.स. वडा नं. ५ | गेराडी खोला नरकुडा सडक नि. | १९०५३० |
| १४२(२०८२।०१।०५) | सिस्याड खैगाड सडक निर्माण उ.स. | सिस्याड खैगाड सडक निर्माण | २८३००८ |
| १६२(२०८२।०१।११) | गैरा सार्वजनिक मञ्च निर्माण उ.स. | गैरा सार्वजनिक मञ्च निर्माण | ११९०४० |
| १६६(२०८२।०१।१२) | गाजरी खैगाड सडकउ.स. | गाजरी खैगाड सडक | ४७८५५५ |
| २१४(२०८२।०३।०३) | दुर्गा मा.वि. खेलमैदान निर्माण उ.स. | खेलमैदान निर्माण | १९१९८७ |

अत: पालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सम्भव हेभी मेशिनरी प्रयोग नगरि स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै हेभी मेशिनको प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्यमा सम्बन्धित प्राविधिकको सिफारिसमा कार्यपालिकाबाट सहमति लिएर मात्र कार्य सञ्चालन गर्नुपर्दछ।

२४.५ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य गर्दा उपभोक्ता समितिबाट निर्माण भएको कामको गुणस्तर परीक्षण समेत नगरेकोले उपभोक्ता समितले गरेको काम गुणस्तर छ भन्न सकिने अवस्था छैन। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीक फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **सि.नं.** | **कामको विवरण** | **उपभोक्ता समितिको नाम** | **कार्यालयले व्यहोरेको रकम रू.** | **उपभोक्ता समितिले व्यहोरेको रकम रू.** |
|---|---|---|---|---|
| १ | बागेश्वरआ.वि. भवन प्लाष्टर तथा मर्मत | बागेश्वरआ.वि. भवन प्लाष्टर तथा मर्मत | २३६३७९ | ५९०९५ |
| २ | ग्वानीसडक निर्माण | ग्वानीसडक निर्माण | १४३४८७ | ३५८७२ |
| ३ | अनरकट्टेसडक निर्माण | अनरकट्टेसडक निर्माण | १९१९०२७ | ४७९७५७ |
| ४ | डाडागाउँसडक निर्माण | डाडागाउँसडक निर्माण | १४३६४५ | ३५९११ |
| ५ | दुर्गाआमा समूह महिला भवन निर्माण | दुर्गाआमा समूह महिला भवन निर्माण | २८६११६ | ७१५२९ |
| ६ | गुनडसामुदायिक भवन निर्माण | गुनडसामुदायिक भवन निर्माण | २७२३५३ | ६८०८८ |
| ७ | आमासमूह भवन प्लाष्टर | आमासमूह भवन प्लाष्टर | १३३३७४ | ३३३४४ |
| ८ | नुवादेवआ.वि. सेगुनी भवन निर्माण | नुवादेवआ.वि. सेगुनी भवन निर्माण | ३८२१३५ | ९५५३४ |
| ९ | केदारआमा समूह भवन निर्माण | केदारआमा समूह भवन निर्माण | १४३२२८ | ३५८०७ |
| १० | सिमडाडडियाखेत स्लयाव पुल निर्माण | सिमडाडडियाखेत स्लयाव पुल निर्माण | ३८१९६३ | ९५४९१ |
| ११ | अर्मोनबोकडा आमा समूह भवन निर्माण | अर्मोनबोकडा आमा समूह भवन निर्माण | २८६७५९० | ७१६८९८ |
| १२ | अन्नपूर्णआमा समूह भवन निर्माण | अन्नपूर्णआमा समूह भवन निर्माण | २२८३४० | ५७०८५ |

नियमावलीको व्यवस्था अनुरुप उपभोक्ता समितिलाई तोकिएको काम मात्र गराउनुपर्दछ ।

२४.६ **सीमाभन्दा बढीको कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रू.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ।सोही नियमावलीको नियम ११२(३)क काम रू.२० लाख भन्दा बढिको निर्माण कार्य गराउदा निर्माण कार्यको बिमा गराउनु पर्ने जसको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार जोरायल गाउँपालिका र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण(नेपाल फिनल्याण्ड सहयोग) अन्तर्गत जोरायल गाउँपालिका वडा नं. ३ मा गाउँपालिकाको ३५%, नेपाल सरकारको ६.२४%, फिनल्याण्ड/ युरोपियन युनियनको ३२.७६% र उपभोक्ता समितिको योगदान २६% रहने गरी देहाय बमोजिम लागत अनुमान रहेको आ.व. २०७६/०७७ देखि सञ्चालनमा रहेको रावतकट्टे खोलाखर्क खानेपानी तथा सरसफाई योजना २०७८ सालको असार मसान्त भित्र सम्पन्न गरिसक्ने गरी पालिका, परियोजना र उपभोक्ता समितिबीच मिति २०७६।११।१४ मा सम्झौता भएको देखिन्छ। सम्झौता बमोजिम उक्त योजना २०७८ असार मसान्त भित्र सक्नुपर्ने भनिए पनि विश्वव्यापी महामारी कोभिड-१९ लगायत विविध कारणले योजना कार्यान्वयनमा परेको प्रभावले समयमै गर्न नसकिएकोले जोरायल गाउँपालिका/ ग्रामीण जलस्रोत व्यवस्थापन समितिको मिति २०७८।०३।२९ को निर्णय बमोजिम पालिकाले २०७८।०३।३० मा २०७९।०३।२५ सम्म म्याथ कायम गरेको देखिन्छ। उल्लिखित योजना तोकिएको अवधिभित्र सम्पन्न हुन नसकेकोले मिति २०८१।०३।०८ गतेका दिन गाउँपालकाका अध्यक्षको अध्यक्षतामा बसेको १७ औं बैठकको निर्णय नं. २ मा

योजनाको निर्माण कार्य सम्पन्न हुन नसक्नुको कारण नै नखोली २०८१ चैत्र मसान्त सम्म म्याद थप्ने निर्णय गरेको देखिन्छ। पेश भएको विवरण अनुसार यसरी पटक पटक म्याद थप गरी उपभोक्ता समितिले हालसम्म(२०८२ असार मसान्त) १,७७,५१,७०७।१३ बराबरको काम भएकोमा उपभोक्ताको अंश कट्टा गरी समतिलाई रू.१३४९१२९७।०० भुक्तानी भएको देखिन्छ। पालिकाले उपभोक्ता समितिले गरेको काम अनुसारको सिलसिलेवार फाइल पञ्जिका, खर्च व्यहोर्ने स्रोत बमोजिमको अनुपातमा नै खर्च भुक्तानी गरेको कागजात सिलसिलेवार रुपमा राखेको देखिएन। साथै पालिकाले उल्लिखित योजनाको बीमा गरेको समेत देखिएन र कामको गुणस्तर बारे गुणस्तर परीक्षण समेत गरेको पाईएन। पालिकाले देहाय बमोजिम रू. २४४५०७४३.८६लागत अनुमान भएको योजना उपभोक्ता समितिबाट गराई पटक पटक म्याद थप गरी यस आ.व.मा उक्त योजनामा रू.९९५९२५।००(नेपाल सरकार अनुदानबाट)खर्च लेखेको छ। जसबाट खर्च भुक्तानी गर्दा तोकिएकै अनुपातमा खर्च भुक्तानी भएको छ र उपभोक्ता समितले गरेको काम गुणस्तर छ भन्न सकिने अवस्था छैन। साथै नियमावलीले तोकेको सीमा भन्दा बढी लागत अनुमान भएको र बहुवर्षे निर्माण योजना उपभोक्ता समितिबाटगराउने कार्य नियमसम्मत नभएको रू. 995925

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **लागत अनुमानरू.** | **कन्टिन्जेन्सी रू.** | **ओभरहेडरू.** | **मू.अ.कररू.** | **जम्मा लागत अनुमानरू.** | **यस आ.व.मा भुक्तानी रू.** |
|---|---|---|---|---|---|---|---|
| रावतकट्टे खोला खर्क खानेपानी तथा सरसफाई उ.स. | रावतकट्टे खोला खर्क खानेपानी योजना | १८७०८९६३.०९ | १८७०८९.६३ | २८०६३४४.४६ | २७४८३४६.६८ | २४४५०७४३.८६ | ९९५९२५ |

| | |
|---|---|
| अनियमित भएको | ९,९५,९२५ |

२४.७ **सार्वजनिक जग्गामा संरचना निर्माण -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १७६ मिति २०७७।०८।१६ कोसार्वजनिक सरकारी जग्गाको हक हस्तान्तरण, बेचबिखन, वितरण र उपयोग गर्ने गराउने कार्य प्रचलित कानून विपरित हुने भएकोले यस्ता कार्य नगर्नु, नगराउनु भनी मा. मन्त्रीस्तर मिति २०७७।०८।१६ को निर्णय अनुसार परिपत्र गरेको नमूना परिक्षणको क्रममा यस आर्थिक वर्षमा देहाय बमोजिमको सार्वजनिक जग्गामा आमा समूहको भवन संरचना निर्माण गरी उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखिन्छ। यसरी सार्वजनिक जग्गामा संरचना निर्माण गरी रकम भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रू.

| **गो.भौ.नं. र मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रू.** | **कैफियत** |
|---|---|---|---|---|
| २८६(२०८२।०३।२२) | समैजी आमा समूह भवन निर्माण उ.स. | आमा समूह भवन निर्माण वडा नं. ४ | २३४२२४।०० | सार्वजनिक सडक किनारामा बनाइएको |
| २८७(२०८२।०३।२२) | अन्नपूर्ण आमा समूह भवन निर्माण उ.स. | आमा समूह भवन निर्माण वडा नं. | २२८३४०।०० | सार्वजनिक सडक किनारामा बनाइएको |
| जम्मा | | | ४६२५६४ | - |

| | |
|---|---|
| अनियमित भएको | ४,६२,५६४ |

२४.८ उपभोक्ता समिति मार्फत कार्य - सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउने उल्लेख छ। पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन। यस्तो अवस्थामा उपभोक्ता समितिको नामबाट भएका विभिन्न बैठक तथा सार्वजनिक सुनुवाई सहितका कार्य यथार्थ रुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

२४.९ **सब कन्ट्याक्टरबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको कामआफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ। सोही नियमावलीको उपनियम १३क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समितिसँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको बील बिजकबाट समेत देखिन्छ।अनुसूचीमा उल्लिख उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो। नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समितिलाई जिम्मेवार वनाउनु पर्दछ।अत: सब कन्ट्याक्टरबाट गरिएको कार्य नियमसम्मत नभएको रू.

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील |
|---|---|---|---|---|
| १५(२०८१।०८।२५) | अनरकट्टे सडक निर्माण उपभोक्ता समिति वडा नं. ६ | १९१९०२७ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. जोरायल-०२, डोटी | १९१९०२८ |
| १९(२०८१।०९।०७) | डाँडाँ गाउँ सडक निर्माण उ.स. | १४३६४५ | सत्य निर्माण सेवा, बझाङ्ग | १४३९९९ |
| २८(२०८१।०९।०९) | ग्वानी सडक निर्माण उ.स. | १४४००० | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. जोरायल-०२, डोटी | १४४००० |
| ३५(२०८१।०९।१६) | मड्यौला दह सिम्सडा उ.स. वडा नं. ६ | १९१९२८४ | नयाँ युग निर्माण सेवा, जोरायल गा.पा.-२, बुडर डोटी | १९१९८७० |
| ७५(२०८१।११।२०) | नाचन्थली चिरकट्टे सडक निर्माण उ.स. वडा नं. ४ | ३१०७९८ | भवानी युवराज निर्माण सेवा आलीताल-१, डडेल्धुरा | ३१२००० |
| १२७(२०८१।१२।२७) | वडा स्तरीय सडक सरसफाई उ.स. वडा नं. ५ | ३८१९५३ | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. जोरायल-०२, डोटी | ३८१९५९ |
| १३१(२०८१।१२।२८) | गेराडी खोला नरकुडा सडक नि.उ.स. वडा नं. ५ | १९०५३० | मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. जोरायल-०२, डोटी | १९०५३० |
| १४२(२०८२।०१।०५) | सिस्याड खैगाड सडक निर्माण उ.स. | २८३००८ | अशोक कन्ट्रक्सन एण्ड अर्डर सप्लायर्स, बाजुरा | २८३००८ |
| १६२(२०८२।०१।११) | गैरा सार्वजनिक मञ्च निर्माण उ.स. | ११८३७२ | भूमिराज रोशन निर्माण सेवा जोरायल गा.पा.-०१ गैराबजार डोटी | ११९०४० |
| १६६(२०८२।०१।१२) | गाजरी खैगाड सडकउ.स. | ४७४१९० | जय गणेश निर्माण सेवा सिलगढी डोटी | ४७८५५५ |
| २१४(२०८२।०३।०३) | दुर्गा मा.वि. खेलमैदान निर्माण उ.स. | १९०५०३ | जि.एस. कन्ट्रक्सन, चुरे-१ कैलाली | १९१९८७ |
| जम्मा | | ६०७५३१० | ० | ६०८३९७६ |

| | |
|---|---|
| अनियमित भएको | ६०,८३,९७६ |

२४.१० **हस्तान्तरण नहुने योजना -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा त्यस्ता कार्यको मर्मत सम्भार समेत उपभोक्ता समितिबाट गराउने गरी मात्र खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ।नमूना परीक्षणको क्रममा पालिकाले यस वर्ष सरकारी संरचनाको निर्माण तथा हस्तान्तरण गर्न नमिल्ने र उपभोक्ता समितिले मर्मत सम्भार नगर्ने देहाय बमोजिमा कार्य उपभोक्ता समितिबाट गराएको पाईयो।

यसरी योजना निर्माण गरी उपभोक्ता समितिबाट खरिद कार्य गरेको नियमसंगत मान्न सकिदैंन। यस्ता कार्यमा सुधार गर्नुपर्दछ।

| सि.नं. | कामको विवरण | उपभोक्तासमितिको नाम | कार्यालयलेव्यहोरेको रकम रू. | उपभोक्ता समितिलेव्यहोरेको रकम रू. |
|---|---|---|---|---|
| १ | अनरकट्टेसडक निर्माण | अनरकट्टेसडक निर्माण | १९१९०२७ | ४७९७५७ |
| २ | डाडागाउँसडक निर्माण | डाडागाउँसडक निर्माण | १४३६४५ | ३५९११ |
| ३ | मालिकाआ.वि. सिर्सि घेरवार | मालिकाआ.वि. सिर्सि घेरवार | १८९६३१ | ४७४०८ |
| ४ | लक्ष्मीआ.वि. गुनड विद्यालय घेरवार | लक्ष्मीआ.वि. गुनड विद्यालय घेरवार | १४३१५६ | ३५७८९ |
| ५ | खैगाडजागरी सडक निर्माण | खैगाडजागरी सडक निर्माण | ११०२८०० | २७५७०० |
